# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

## (Local Disaster and Climate Resilience Plan - LDCRP)



२०७८

जुगल गाउँपालिका

बराम्ची, सिन्धुपाल्चोक

सर्वाधिकार © जुगल गाउँपालिकामा सुरक्षित ।

**प्रकाशक**
जुगल गाउँपालिका
बराम्ची, सिन्धुपाल्चोक
फोन नं.: ०११-६९१०५४, ६९१०५६
ईमेलः jugalgaupalika12@gmail.com
www.jugalmun.gov.np

**योजना तर्जुमा र प्रकाशन सहयोग**
केएर नेपाल
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**ग्राफिक डिजाइन**
बिक्रम चन्द्र मजुमदार

**मुद्रण**
प्रिन्ट पोइन्ट, काठमाडौं ।


**आवरण फोटो**
गोपाल कृष्ण बस्नेत

**निर्माण निर्देशिका** : स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, (Local Disaster Risk Management Plan Guideline 2068) र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, मस्यौदा २०७४, (Local Disaster and Climate Resilience Planning Guidelines 2074)

**दस्तावेज**
स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना - २०७८, जुगल गाउँपालिका सिन्धुपाल्चोक

**कभर फोटो**
२०७७ साउन ३० मा गएको पहिरो मुनी रहेको जुगल गाउँपालिका-२, लिदी गाउँ ।

# भूस्खलन जोखिम नक्सा






Map Based on: CNES/Airbus - 2020 - Google Earth Image and Topographic maps of Department of Survey, Government of Nepal.
Projection : Spheroid : Everest 1830, Modified Universal Mercator, Central meridean: 87 E, False Easting : 500000, False Northing: 0, and Scale factor: 0.9999

**जुगल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमति प्रदेश नेपाल

# मन्तव्य

नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ, असिना, खडेरी, हिमताल बिष्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा छ । यसो भएकाले सरकारबाट विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पीकरण, प्रतिकार्य, पुनर्स्थापना र पुनर्निर्माण तथा अनुकूलनको कार्यलाई विशेष महत्व दिएको छ ।

जुगल गाउँपालिका, वाग्मती प्रदेशअन्तर्गत सिन्धुपाल्चोक जिल्लाको १२ स्थानीय तहमध्यको एक हो । यस गाउँपालिकामा ७ वटा वडा छन् । यो गाउँपालिका भूकम्पीय, भेल बाढी र पहिरोको दृष्टिले उच्च जोखिममा छ । वि.सं. २०७२ सालको भूकम्पले यस गाउँपालिकामा पनि ठूलो धनजनको क्षति भयो । जङ्गली जनावरको आतङ्क, खडेरी, आगलागी, हुरीबतास, चट्याङ, महामारी जस्ता प्राकृतिक समस्या पनि पालिकाबासीले भोग्दै आएका छन् । विपद्ले गर्ने जनधनको क्षति कम गर्ने तथा विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यस गाउँपालिकामा गाउँपालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति, वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिहरू समेत गठन गरी विपद् जोखिम न्यूनीकरणका प्रयासहरू भइरहेका छन् ।

गाउँपालिकाको सबै वडामा वडास्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषणपछि गाउँपालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भएको छ ।  सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी 'स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८' तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४ र गाउँपालिका विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७५ र जुगल गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ बमोजिम तयार गरिएको यस योजनाको कार्यान्वयन, गाउँपालिकाले पहिचान गरेको जोखिम न्यूनीकरणका लागि सङ्घ, प्रदेश, जिल्लास्थित विषयगत कार्यालयहरू, दातृ निकायहरू, अन्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सहयोग प्राप्त हुने अपेक्षा गर्छु ।

यसका साथै यस गाउँपालिकामा कार्यरत सबै साझेदार निकायलाई विकासका परियोजनाहरू सञ्चालन गर्दा विकासका विषयगत क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका विषयहरूलाई मूलप्रवाहीकरण गरिदिनुहुन आग्रह गर्छु । अन्तमा, यो योजना बनाउन आर्थिक र प्राविधिक सहयोग गर्नुहुने सामुदायिक आत्मनिर्भर सेवा केन्द्र  र केएर नेपालप्रति हार्दिक आभार प्रकट गर्छु । साथै स्थानीय तथा वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति र सम्पूर्ण राजनीतिक दलबाट निरन्तर सहयोगको अपेक्षा गर्छु । सबैको साथ र सहयोगले जुगल गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाका रूपमा विकास गर्न सहयोग पुग्ने आशा गरेको छु ।

धन्यवाद ।

होमनारायण श्रेष्ठ
**अध्यक्ष**

**जुगल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमति प्रदेश नेपाल

# कृतज्ञता ज्ञापन

जुगल गाउँपालिकामा बाढी, पहिरो, भूकम्प, जङ्गली जनावर, आगलागी, खडेरी, विद्युतीय दुर्घटना, जैविक आक्रमण, चट्याङ जस्ता प्रकोपले बर्सेनि धनजनको क्षति गर्ने गरेको छ। बराम्ची, ब्रह्मायणी, सेलाङ, गोल्चे, नेसमलगायतका खोलाले यस पालिकामा वर्षातको समयमा घरहरू र खेतीयोग्य जमन क्षति गर्ने गरेको छ। अधिकांश जमिन भिरालो भएका कारण पहिरोको जोखिम र वन क्षेत्र बढी भएकाले वन्यजन्तुबाट बालीनाली क्षति गर्ने समस्या पनि छ।

यी प्रकोपका असरलाई न्यून गरी धनजनको क्षति कम गर्न यस पालिकाले विगतमा विभिन्न विपद् जोखिम व्यवस्थापनका कार्य गर्दै आएको छ। यसै क्रममा स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्थानीय तहले योजना बनाइ कार्यान्वयन गर्नुपर्ने प्रावधानअनुसार सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केएर नेपालसँगको साझेदारीमा सञ्चालित जोखिम संवेदनशील भूउपयोग योजनाअन्तर्गत यस पालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरेको छ। यस योजनामा भएका क्रियाकलापलाई यस पालिकाले आफ्नो वार्षिक बजेटमा समाहित गर्दै विपद् व्यवस्थापन एवं जोखिम न्यूनीकरणका कार्यहरू गर्नेछ। अतः यस योजनाले जुगल गाउँपालिकालाई उत्थानशील गाउँपालिका बनाउन सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।

यो योजना बनाउने क्रममा आर्थिक र प्राविधिक सहयोग गर्नुहुने सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केएर नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु। यसका साथै यस योजना बनाउने क्रममा वडा अध्यक्ष र वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू र सरोकारवाला निकायहरू सबैलाई धन्यवाद दिँदै यस योजनाको पूर्ण कार्यान्वयनको प्रतिबद्धता गर्छु।

धन्यवाद।

सृजना तामाङ
उपाध्यक्ष

**जुगल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमति प्रदेश नेपाल

# दुई शब्द

सिन्धुपाल्चोक जिल्ला यसमा पनि जुगल गाउँपालिका विपद् जोखिमको दृष्टिले उच्च जोखिम भएको गाउँपालिका हो । २०७२ सालको भूकम्प र २०७७ सालमा आएको पहिरो, प्रत्येक वर्ष खोल्सा र खहरेमा आउने भेलबाढी र त्यसले पुऱ्याउने क्षति, पहिरोबाट हुने धनजनको क्षतिका साथै जङ्गली जनावरबाट हुने अन्न बालीको क्षति आदि दृष्टिकोणले गाउँपालिका एक सङ्कटासन्न गाउँपालिकाका रूपमा रहेको छ ।

नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद-३, दफा ११(२) 'न' मा स्थानीय सरकारको विपद्सम्बन्धी अधिकार र गर्नुपर्ने कार्यक्षेत्रहरूको स्पष्ट व्यवस्था छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा स्थानीय तहले नै विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणको काम गर्ने स्पष्ट व्यवस्था छ । यस सन्दर्भमा जुगल गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरेर विपद्को जोखिम कम गर्ने र विपद् भएमा प्रभावकारी व्यवस्थापन गर्न योजना बनाएको छ । यस योजनाले जुगल गाउँपालिकालाई विपद्बाट भैरहेको क्षति कम गर्नमा सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । यस योजना बनाउने क्रममा आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने केएर नेपाल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र एवं महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नुहुने गाउँपालिकाका सम्बन्धित शाखा प्रमुखहरू, सरोकारवाला निकायहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

लोकबहादुर बि.क.
प्रमुख प्रशासकीय अधिकृत

# विपद्सम्बन्धी महत्वपूर्ण शब्दहरू

## १. प्रकोप (Hazard)

एक प्रक्रिया, दृश्य, मानव क्रियाकलाप वा परिस्थिति जसले जनधनको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्यसम्बन्धी असरहरू, सम्पत्तिमा क्षति साथै आर्थिक, सामाजिक र वातावरणीय अवरोध ल्याउन सक्छ। (UN ISDR 2017)

## २. विपद् (Disaster)

विपद् भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था  सिर्जना भइ जन वा धनको क्षतिको साथै जीवन यापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ। (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

## ३. सङ्कटासन्नता (Vulnerability )

तुलनात्मकरूपमा कम क्षमता भएका त्यस्तो व्यक्ति वा सामाजिक समूह जोसँग सम्भावित प्रकोपको सामना, रोकथाम गर्न र पुनर्स्थापित हुन कुनै स्रोत/साधन र उपाय हुँदैन भने त्यसलाई सङ्कटासन्नता भनिन्छ। वा सङ्कटासन्नता भन्नाले खतरामा भएका हुन सक्ने जोखिमका तत्वहरू वा जोखिमको अवस्थामा रहेका व्यक्तिहरू भन्ने बुझिन्छ। (UN ISDR 2017)

## ४. सम्मुखता (Exposure)

प्रकोपबाट विपद् उत्पन्न हुन सक्ने क्षेत्रतर्फ उन्मुख रहेका मानिस, सम्पत्ति, प्रणाली वा अन्य तत्वहरूको उपस्थितिलाई नै सम्मुखता भनिन्छ। ती तत्वहरू प्रकोपको सम्मुख हुन्छन् र प्रकोपबाट उत्पन्न हुन सक्ने विपद्बाट प्रभावित हुन सक्छन्। (UN ISDR 2017)

## ५. क्षमता (Capacity)

संस्था, समुदाय वा समाजसँग उपलब्ध सबै प्रकारका बलिया पक्षहरू, विशेषताहरू, स्रोतहरूको समग्र पक्ष जसले विपद्को जोखिम कम गर्न, व्यवस्थापन गर्न र उत्थानशीलता बलियो बनाउँछ। (UN ISDR 2017)

## ६. विपद् जोखिम (Disaster Risk)

कुनै निश्चित समयमा प्रकोप, सम्मुखता, सङ्कटासन्नता र क्षमताको अन्तरक्रियाबाट समुदाय अवथा समाजमा मृत्यु हुन सक्ने, घाइते हुन सक्ने र सम्पत्तिको क्षति हुन सक्ने संभावित अवस्था। (UN ISDR 2017)

## ७. रोकथाम (निवारण) (Prevention)

अहिले अवस्थित  जोखिम र नयाँ विपद्को जोखिम हुन नदिने क्रियाकलापहरू र उपायहरू। (UN ISDR 2017)

## ८. अल्पीकरण (Mitigation)

विपद्मा पर्नु भन्दा पहिले विपद्को असर वा प्रभावलाई कम वा न्यून गर्नका लागि सञ्चालन गरिने कार्य वा उपायहरूलाई अल्पीकरण भनिन्छ। यसअन्तर्गत संरचनात्मक र गैरसंरचनात्मक अल्पीकरणका कार्य वा उपायहरू पर्छन्। (UN ISDR 2017)

## ९. अनुकूलन (Adaptation)

जलवायु परिवर्तनका नकारात्मक असरहरूसँग घुलमिल हुन सक्ने गरी अर्थपूर्ण वातावरण सिर्जना गर्न गरिने कार्यहरू। (UN ISDR 2017)

## १०. विपद् प्रतिकार्य (Response)

विपद्को घटना हुँदासाथ तत्कालै गरिने खोज तथा उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ। (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

## ११. पूर्वतयारी (Preparedness)

संभावित वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असरहरूको प्रभावकारी ढङ्गले पूर्वानुमान  गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, प्रतिकार्य तथा पुनर्लाभमा काम गर्ने संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता। (UN ISDR 2017)

## १२. विपद् पुनर्लाभ (Disaster Recovery)

विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ। (UN ISDR 2017)

## १३. उत्थानशील (Resilience)

'उत्थानशीलता' भन्नाले प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित क्षमता जसले प्रकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढङ्गले प्रतिरोध, शमन वा समायोजन गर्नुका साथै पूर्ववत् अवस्थामा फर्कन समर्थ गराउँछ। यसअन्तर्गत आधारभूत संरचना वा सेवा-प्रणालीको संरक्षण एवं पुनर्स्थापनालगायत पर्छन्। (स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४)

## १४. विपद् खोज तथा उद्धार समूह

विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनका लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले मानवीय सहायताकर्मीलाई समेत जनाउँछ। (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

## १५. विपद् जोखिम न्यूनीकरण

विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिम कम गर्नेसम्बन्धी कार्य सम्झनुपर्छ। (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

## १६. विपद् व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ। (विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४)

## विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावली

| नेपाली शब्द | अङ्ग्रेजी शब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capicity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Managemet |
| सामना क्षमता | Coping Capicity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद् जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |

| | |
|---|---|
| वातावरणीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुनर्लाभ | Recovery |
| उत्थानशील | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofiting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न/सङ्कटासन्नता | Vulnerable/Vulnerability |

# विषयसूची

**खण्ड : एक** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १६

**प्रारम्भिक परिचय** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १६

**१.१ परिचय** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १६

**१.२ गाउँपालिकाको अवस्था** . . . . . . . . . . . . . . . . . . . . . . . १७

१.२.१ प्राकृतिक स्रोत/साधन. . . . . . . . . . . . . . . . . . . . . . . . . १७

१.२.२ गाउँपालिका भएर बग्ने खोलानाला तथा नदीको विवरण . . . . . . . . . . . . . १८

१.२.३ सडक तथा यातायातको अवस्था . . . . . . . . . . . . . . . . . . . . . १८

१.२.४ भूउपयोग. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १८

**१.३ जनसङ्ख्याको विवरण : (सङ्कटासन्नतामा रहेका वर्ग)** . . . . . . . . . . . . . . १९

१.३.१ जातजातिअनुसारको जनसङ्ख्या . . . . . . . . . . . . . . . . . . . . . १९

१.३.२ उमेरअनुसारको जनसङ्ख्या . . . . . . . . . . . . . . . . . . . . . . २०

१.३.३ अपाङ्गताको विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . २०

१.३.४ शैक्षिक अवस्थाको विश्लेषण . . . . . . . . . . . . . . . . . . . . . . २१

१.३.५ बसोबासको स्थिति . . . . . . . . . . . . . . . . . . . . . . . . . . २१

१.३.६ पेसा/व्यवसायको स्थिति. . . . . . . . . . . . . . . . . . . . . . . . २१

१.३.७ पिउने पानी, इन्धन र शौचालय प्रयोगको अवस्था . . . . . . . . . . . . . . . २२

**१.४ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय** . . . . . . . . . . . . २२

१.४.१ योजनाको आवश्यकता तथा महत्व . . . . . . . . . . . . . . . . . . . . २२

१.४.२ योजनाको सीमा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २३

१.४.३ योजना निर्माण र स्वीकृति प्रक्रिया . . . . . . . . . . . . . . . . . . . . २४

१.४.४ बजेट व्यवस्था . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २४

१.४.५ योजना कार्यान्वयनको प्रक्रिया . . . . . . . . . . . . . . . . . . . . . २५

१.४.६ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन . . . . . . . . . . . . . . . २५

**खण्ड : दुई . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २६**

**प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण . . . . . . . . . . . . . . . . . . .२६**

**२.१ प्रकोप स्तरीकरण** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २६

**२.२ विपद् ऐतिहासिक समयरेखा** . . . . . . . . . . . . . . . . . . . . . . २७

**२.३ प्रकोप, मौसम र बाली पात्रो** . . . . . . . . . . . . . . . . . . . . . ३२

२.३.१ प्रकोप पात्रो . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३२

२.३.२ मौसमी पात्रो . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३३

२.३.३ बाली र वनस्पति पात्रो . . . . . . . . . . . . . . . . . . . . . . . ३४

**२.४. बस्ती तहको सङ्कटासन्नता स्तरीकरण** . . . . . . . . . . . . . . . . . ३५

**२.५ विपद् वृक्ष विश्लेषण** . . . . . . . . . . . . . . . . . . . . . . . . . ३५

**२.६ क्षमता विश्लेषण** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ४०

२.६.१ संस्थागत विश्लेषण . . . . . . . . . . . . . . . . . . . . . . . . . ४०

२.६.२ स्रोतको उपलब्धता तथा पहुँच . . . . . . . . . . . . . . . . . . . . ४३

**२.७ लक्षित समूह छलफल** . . . . . . . . . . . . . . . . . . . . . . . . . ५७

**२.८ जोखिम विश्लेषण** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६१

२.८.१ भूकम्पको जोखिम विश्लेषण . . . . . . . . . . . . . . . . . . . . . ६१

२.८.२ पहिरोको जोखिम विश्लेषण . . . . . . . . . . . . . . . . . . . . . . ६१

२.८.३ भेलबाढीको जोखिम विश्लेषण . . . . . . . . . . . . . . . . . . . . ६२

२.८.४ अन्य प्रकोपको जोखिम . . . . . . . . . . . . . . . . . . . . . . . ६२

**खण्ड : तीन . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६३**

**दीर्घकालीन सोच, परिदृश्य, लक्ष्य, नीति र रणनीति . . . . . . . . . . . . . . . . .६३**

**३.१ दीर्घकालीन सोच** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६३

**३.२ दूरदृष्टि** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६३

**३.३ ध्येय** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६३

**३.४ लक्ष्य** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६३

**३.५ उद्देश्य** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६३

**३.६ योजना कार्यान्वयन रणनीति** . . . . . . . . . . . . . . . . . . . . . ६४

**खण्ड : चार** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६६

**स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना** . . . . . . . . . . . . . . . . . . . ६६

४.१ बहुप्रकोपको जोखिम न्यूनीकरण सन्दर्भमा जुगल गाउँपालिकाको नीति निर्माण, जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि र जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलापहरू :. . . . . . . ६७

४.२ पहिरो र भेलबाढी जोखिम न्यूनीकरण सन्दर्भमा . . . . . . . . . . . . . . . . . . ७०

४.३ विपद् पूर्वतयारी र प्रतिकार्य योजना. . . . . . . . . . . . . . . . . . . . . . . . ७९

४.३.१ प्रतिकार्य योजना . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ७९

४.४ पूर्वतयारी योजना . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ८१

४.५ पुनर्लाभ (पुनर्स्थापना र पुनर्निर्माण) का क्रियाकलापहरू . . . . . . . . . . . . . . . . ८२

**खण्ड : पाँच** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ८४

**स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकता** . . . . . . . . . . . . . . . . . . . . ८४

५.१ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन . . . . . . . . . . . . . . . . . . ८४

५.२ योजनाको अद्यावधिक . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ८४

**अनुसूचीहरू** . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ८५

अनुसूची १ : जुगल गाउँपालिका विपद् व्यवस्थापन समिति. . . . . . . . . . . . . . . . . ८५

अनुसूची २ : सङ्कटासन्नता तथा क्षमता विश्लेषणका क्रममा तयार गरिएका सामाजिक स्रोत नक्साहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . ८६

अनुसूची ३ : पालिकामा निर्माणाधीन र दर्ता भएका जलविद्युत् गृहको विवरण . . . . . . . ८८

अनुसूची ४ : पहिरो र भेलबाढीको दृष्टिकोणले जोखिममा रहेका घरधुरी सङ्ख्या . . . . . ८८

अनुसूची ५ : जुगल गाउँपालिकाको सामुदायिक वनको विवरण. . . . . . . . . . . . . . . ९१

अनुसूची ६ : जिल्ला समन्व समितिको बस्ती स्थानान्तरणको प्रारम्भिक प्रतिवेदन . . . . . . ९२

अनुसूची ७ : भौगर्भिक अध्ययनका आधारमा जोखिम वर्गमा परेका समुदायको विवरण . . . ९३

# कार्यकारी सारांश

नेपाल बाढी, पहिरो, आगलागी, भूकम्प आदिको अत्यधिक जोखिम भएको मुलुक हो। जलवायु परिवतर्नका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा छ। जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया भए पनि मानव सिर्जित क्रियाकलापले यसको प्रवेग दरमा वृद्धि ल्याएको तथ्य नकार्न सकिँदैन। र, यसबाट सिर्जित प्रकोपहरूसँग जुध्नु अहिलेको प्रमुख चुनौती बनेको छ।

विश्वको ध्यान नै अहिले जलवायु परिवर्तन तथा प्रकोपको असरसँग जुध्ने, जीविकोपार्जनमा सुधार ल्याउने र विपद् जोखिम न्यूनीकरण गर्नमा छ। नेपाल सरकारबाट स्वीकृत 'विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६' मा स्थानीय विपद् तथा जलवायु उत्थानशील विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ।

विपद् जोखिम न्यूनीकरणका सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा जिम्मेवार निकायले पहलकदमी लिन आवश्यक भइसकेको छ। यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न आवश्यक छ। यसै सन्दर्भमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ ले मार्गदर्शन गरेको प्रक्रिया र चरणहरूलाई अवलम्बन गर्दै जुगल गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरेको हो।

कार्ययोजना तयारीका प्रत्येक चरणमा स्थानीय समुदायको सक्रिय सहभागिता छ। साथै तयारी गर्ने क्रममा विभिन्न निकायका प्रतिनिधिहरू, स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा अन्तरक्रिया गरिएको थियो। उनीहरूबाट आएका तथ्यका आधारमा यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) तयार पारिएको हो।

## तालिका नं. १ : योजनाको सारसङ्क्षेप

| शीर्षक | विवरण | | | | |
|---|---|---|---|---|---|
| योजनाले समेटेको क्षेत्र | जुगल गाउँपालिका (सेलाङ, गोल्चे, गुम्बा, पाङताङ, बराम्ची, हगाम र याङ्लाकोट) | | | | |
| क्षेत्रफल | कुल ५९६ वर्ग कि.मि. | | | | |
| घरधुरी | ५१७५ | | | | |
| जनसङ्ख्या | २७६६२ मध्ये १३,३४९ महिला र १४,२८८ पुरूष (घरधुरी सर्वेक्षण २०७७ अनुसार) | | | | |
| जातको आधारमा घरधुरी विवरण | दलित | जनजाति | बाहुन क्षत्री | नेवार | अन्य |
| | १८३९ | १८५११ | ३६०० | ३६१३ | ३७ |

| शीर्षक | विवरण | | |
|---|---|---|---|
| प्रमुख जीविकोपार्जनको आधार | कृषि, पशु पालन, व्यापार, वैदेशिक रोजगार र मजदूरी । | | |
| प्रकोप स्तरीकरण | उच्च | मध्यम | न्यून |
| | भेल बाढी, पहिरो, भूकम्प, | जङ्गली जनावर आतङ्क, आगलागी, चट्याङ, हावाहुरी, भिरबाट लड्ने | असिना, रोग कीरा, ढुङ्गा खस्ने, महामारी करेन्ट, सडक दुर्घटना |
| परिकल्पना | विपद् तथा जलवायु उत्थानशील जुगल गाउँपालिकाको निर्माण | | |
| योजनाको अवधि | २०७७/०७८ देखि २०८३/०८४ सम्म | | |
| लैङ्गिक तथा सामाजिक समावेशीकरण | जलवायु परिवर्तन र विपद्को प्रभाव तथा जोखिमबाट महिला, भूमिहीन, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका आदि वर्गमा पर्ने बढी र फरक प्रभाव पर्ने कुरालाई मध्यनजर गरी यस योजनाको कार्यान्वयन प्रक्रियामा समेत उक्त वर्गलाई विशिष्ट कार्यक्रमका साथै हरेक उपयुक्त कार्यक्रमहरूमा विशेष प्राथमकिता दिइनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विशेष प्राथमिकतामा राखिनेछ । | | |
| योजनाको समायोजन | योजनालाई जुगल गाउँपालिका र यसका वडाहरूका वार्षिक एवं आवधिक योजनामा समायोजन गरिनेछ । यस योजनाको कार्यान्वयनलाई नीतिगतरूपमा नै प्राथमिकतामा राखी हरेक वार्षिक योजना तर्जुमा प्रक्रियामा कार्यक्रम हेरी समुदाय, वडा तथा गाउँपालिका स्तरीय कार्यक्रममा समावेश गरी आवश्यक बजेट विनियोजनका साथ कार्यान्वयन गर्ने गराइनेछ । अन्य सरकारी तथा गैरसरकारी निकायको वार्षिक योजनामा समेत समावेश गराउनका लागि पैरवी गरिनेछ । | | |
| योजनाको कार्यान्वयन | गाउँपालिकाको नेतृत्व तथा स्थानीय सेवाप्रदायक सङ्घ/संस्थाको सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको समन्वयमा स्थानीय समूह, सहकारी, सङ्घ/संस्था, प्रभावित वर्ग एवं सरोकारवालाहरूमार्फत योजनाको कार्यान्वयन गरिनेछ । | | |
| योजना कार्यान्वयनमा मुख्य भूमिका/सहयोग गर्न सक्ने निकायहरू | गाउँपालिका, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, वन कार्यालय, वन तथा भूसंरक्षण कार्यालय, पिउने पानी डिभिजन कार्यालय, सिँचाइ कार्यालय, रेडक्रस, स्वास्थ्य चौकी, प्रहरी चौकी, अस्पताल, सहकारी संस्थाहरू, स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, सामुदायिक वन उपभोक्ता समूह, आमा समूह, युवा तथा बाल क्लबहरू, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति आदि । | | |
| अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कन | कार्यान्वयन भएका क्रियाकलापहरू, आर्थिक एवं महत्वपूर्ण उपलब्धिहरूको अभिलेख व्यवस्थित गरिनेछ । लक्षित वर्गहरूमार्फत स्वअनुगमन, सरोकारवालाहरूको सहभागितामा संयुक्त अनुगमन, अनुगमन तथा व्यवस्थापन समितिमार्फत नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले सम्पूर्ण गतिविधिको अभिलेख राख्नेछ । | | |
| क्षमता विकास | योजनाको प्रभावकारी कार्यान्वयन, व्यवस्थापन र अनुगमन कार्य गर्नका लागि स्थानीय तहमा विषयगत क्षेत्रको जनशक्ति तथा तिनको क्षमता विकास गरिनेछ । | | |

# खण्ड : एक

# प्रारम्भिक परिचय

## १.१ परिचय

जुगल गाउँपालिका वाग्मती प्रदेशमा पर्छ । जुगल हिमालको काँखमा अवस्थित यस पालिकाको कुल क्षेत्रफल ५९६ वर्ग कि.मि. छ । भौगोलिक हिसाबले ८५ डिग्री ४७ मिनेट १८ सेकेन्डदेखि ८५ डिग्री ४८ मिनेट ५८ सेकेन्ड पूर्व देशान्तरसम्म र २७ डिग्री ४८ मिनेट ३१ सेकेन्डदेखि २८ डिग्री १२ मिनेट ८ सेकेन्ड उत्तरी अक्षांशसम्म फैलिएको छ । यस गाउँपालिकाको उत्तरमा रसुवा जिल्ला र चीन, पश्चिमतर्फ पाँचपोखरी थाङ्पाल गाउँपालिका, दक्षिणमा चौतारा साँगाचोकगढी नगरपालिका, इन्द्रावती गाउँपालिका, बलेफी गाउँपालिका र पूर्वमा बाह्रबिसे नगरपालिका र भोटेकोसी गाउँपालिका छन् । समुन्द्री सतहको ७७४ मि. देखि ६९७१ मिटरको उचाइसम्म यो पालिका फैलिएको छ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार जुगल गाउँपालिकाको कुल जनसङ्ख्या १९,२३१ छ । जसमध्ये पुरुष ४९.८ प्रतिशत (९,५८१ जना) र महिला ५०.२ प्रतिशत (९,६५० जना) छन् । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी तामाङ जाति ११,३३४ जना (५८.९३ प्रतिशत), दोस्रोमा नेवार (पहाडी) २,६९० जना (१३.९८ प्रतिशत) र तेस्रोमा क्षत्री २०६८ (१०.७५ प्रतिशत) को बसोबास छ ।

जुगल गाउँपालिका बहुप्रकोप प्रभावित गाउँपालिका हो । २०७२ सालको भूकम्पमा यस गाउँपालिकाले ठूलो मानवीय तथा भौतिक क्षति बेहोर्नुपरेको थियो । त्यस्तै २०७७ सालको वर्षायाममा गएको पहिरोले ठूलो मात्रामा मानवीय र भौतिक क्षति भयो । लिदी पहिरोमा मात्र ३९ जनाले ज्यान गुमाए । धेरै बस्ती विस्थापनको चपेटामा परेका छन् । यसका साथै पहिरोबाट खेतीयोग्य जमिन, विद्यालय, पिउने पानी, सिँचाइ र विद्युत्का संरचनाहरू जोखिममा छन् ।

पालिकाको अधिकांश जमिन भिरालो भएका कारण पहिरोको जोखिम उच्च छ । जिल्ला समन्वय समितिको जोखिम बस्ती स्थानान्तरणसम्बन्धी प्रारम्भिक सर्वेक्षणअनुसार भेलबाढी र पहिरका कारण ३२ वटा बस्तीका १०१७ घरधुरी जोखिममा रहेका तथ्याङ्क छ । बस्ती तहको विवरण अनुसूचीमा समावेश छ ।

त्यस्तै पालिकाको जोखिम संवेदनशील भूउपयोग तर्जुमाका लागि गरिएको भौगर्भिक सर्वेक्षणका क्रममा माथि उल्लेख गरिएका सबै जोखिम बस्तीहरूको अध्ययन भएको थियो । अध्ययनका अनुसार जमिनको भिरालोपना र भौगोलिक बनोटका कारण धेरै बस्ती वर्षाको समयमा असुरक्षित छन् । भौगर्भिक अध्ययनको प्रतिवेदन २०७८ अनुसार पालिकाका बस्तीहरूलाई जमिनको भिरालोपना, माटोको बनोट र बस्तीको

अवस्थितिका आधारमा सेपगाउँ, निम्लुङल बैगाङटोल, सानो नाम्फा र मगरनाम्सालाई स्थानान्तरण गर्नुपर्नेछ। त्यस्तै देउराली, आहाल, चेपेगाउँ, कुनेगाउँ, ठूलो नाम्फा, भेडाबारी, बोल्दे कुस्माटोल, लिदी लामाटोल, लिदी माझटोललगायतका स्थानमा साना अल्पीकरणका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। विस्तृत विवरण अनुसूचीमा समावेश छ।

## १.२ गाउँपालिकाको अवस्था

### १.२.१ प्राकृतिक स्रोत/साधन

यस गाउँपालिकालाई उच्च पहाडी क्षेत्र, मध्य पहाडी क्षेत्र र थोरै मात्रमा टार छन्। जमिनको वर्गीकरणका अधारमा १७.४५ वर्ग कि.मि. हिउले ढाकेको, ६१.१६ वर्ग कि.मि. चरण तथा बुट्यान क्षेत्र, ५९.४९ वर्ग कि.मि. खेतीयोग्य क्षेत्र, २४२.३८ वर्ग कि.मि. वनले ढाकेको क्षेत्र र ५.२६ वर्ग कि.मि. जलस्रोतले ओगटेको छ।

क्षेत्रफलका हिसाबले ठूलो गाउँपालिका भए तापनि पालिकाको तल्लो क्षेत्रमा मात्र कृषियोग्य जमिन छ। भएको कृषियोग्य क्षेत्रको समुचित सदुपयोग गर्न सकेमा पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने राम्रो सम्भावना छ। प्राकृतिक सम्पदाको हिसाबले जुगल जलस्रोत र जडीबुटीको पर्याप्त सम्भावना भएको गाउँपालिका हो।

गाउँपालिकाको जमिनमा ७५ डिग्रीसम्मको भिरालोपन देखिन्छ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भूक्षयीकरणका प्रवृत्तिहरू सामन्यतः देखा परिरहन्छन्। त्यसैले त्यस्तो क्षेत्रमा अल्पीकरणका काम गरी व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईवस्तुको आवतजावतबाट भूक्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन।

स्लेट, ढुङ्गा, बालुवा, ग्राभेल जस्ता प्राकृतिक सामग्रीहरूको सम्भावना भने यस पालिकामा प्रशस्त छ। त्यसैले वातावरण तथा पर्यावरण क्षेत्रको मूल्याङ्कन गरी उक्त क्षेत्रमा उत्खननसम्बन्धी काम भएमा पालिकाको आर्थिक स्रोतमा टेवा पुग्नेछ। पालिकामा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुङ्गा, बालुवा, ग्राभेल, काठ, बाँस र निगालो आदि छन्। पालिकामा दर्ता भएर सञ्चालन भएका ढुङ्गा खानीको विवरण तपसिलबमोजिम छ :

### तालिका नं. १ : खानीसम्बन्धी विवरण

| क्र.स. | ढुङ्गा खानीको नाम | रहेको स्थान | क्र.स. | ढुङ्गा खानीको नाम | रहेको स्थान |
|---|---|---|---|---|---|
| १ | हिमालयपत्र ढुङ्गा खानी | जुगल ३, गोण्डे गाउँ गुम्बा | ३ | गुराँसमय स्ल्याट स्टोन उद्योग | जुगल ७, याङ्लाकोट |
| २ | नेपेमासल ढुङ्गा खानी | जुगल १ सेलाङ सेपगाउँ | ४ | डि.एस.इ प्रालि (काठमाडौँ) | जुगल ६, हगाम |

**स्रोत** : *जुगल गाउँपालिका*

यस गाउँपालिकामा २३ वटा सामुदायिक वन छन् । कुल २२३४.५७ हेक्टर क्षेत्रफल ओगटेको सामुदायिक वनबाट २९२३ परिवार लाभान्वित भएका छन् । सामुदायिक वनको विवरण अनुसूचीमा समावेश छ :

## १.२.२ गाउँपालिका भएर बग्ने खोलानाला तथा नदीको विवरण

गाउँपालिकाको क्षेत्रभित्र भएर बग्ने नदीनाला तथा खोलाले विभिन्न किसिमका जलचर र पक्षीहरूलाई सुरक्षित बासस्थानका रूपमा आश्रय दिइरहेका छन् । उपलब्ध नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र आंशिकरूपमा सिँचाइका लागि प्रयोग गरिरहेका छन् । व्यावसायिकरूपमा पालिकामा उपलब्ध जलस्रोतको प्रयोग गरी हाइड्रोपावरहरू निर्माणका काम पनि द्रुत गतिमा भइरहेको छ । तर निर्माणाधीन विद्युत् गृहहरूले अव्यवस्थितरूपमा निर्माण गरेका सडक संरचनाहरूले भने समुदाय र प्रकृतिलाई क्षति पुऱ्याइरहेको छ । गाउँपालिकामा भएका नदी तथा खोलाहरू र यसले समेटेका वडाहरूको विवरण तपसिलबमोजिम छ :

### तालिका नं. २

| क्र.स. | प्रमुख खोलाको नाम | समेट्ने वडाहरू | क्र.स. | नदीनालाको नाम | समेट्ने वडाहरू |
|---|---|---|---|---|---|
| १ | ब्रह्मायणी (बलेफी) | १,२,३,४,५ | ८ | पाङ्र्गपु खोला | ३,४ |
| २ | नेसम खोला | ३ | ९ | सुब्लिङ खोला | २ |
| ३ | सेलाङ खोला | १,२ | १० | माईखोला | २ |
| ४ | गोल्चे खोला | २ | ११ | यामलिङ खोला | ३ |
| ५ | बराम्ची खोला | ५,६ | १२ | घ्युङगुलुङ खोला | ३ |
| ६ | लप्तु खोला | ४,५ | १३ | लप्सेखोला | ४ |
| ७ | घट्टा खोला, गुम्बा | ३ | १४ | सुन खोला | ४ |

*स्रोत : सङ्कटासन्नता तथा क्षमता विश्लेषण, २०७७*

## १.२.३ सडक तथा यातायातको अवस्था

यस गाउँपालिकामा बाह्रै महिना सार्वजनिक यातायात भने सुचारु हुने अवस्थाका सडक संरचना छैनन् । जिल्ला सदरमुकाम चौतारा र बलेफी हुँदै काठमाडौँ आवतजावतका लागि कच्ची सडक छन् भने स्तरोन्नतिको काम पनि भइरहेका छन् । ढाडे-याङ्लाकोट, ढाडे-बराम्ची, सुनखोला-पाङताङ सडक भने कालोपत्रे हुन सुरु गरेको छ । पालिकाको वडा नं. २ झुल्के, साङलुङ, दिपु र वडा नं. ३ तेगा र तेम्बाथान समुदायमा भौगोलिक विकटताका कारण अझै पनि सडक सुविधा पुगेको छैन तथापि स्थानीय सरकारले कोसिस भने गरिरहेको छ ।

### १.२.४ भूउपयोग

पालिकाको जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमाका लागि लिइएको तथ्याङ्कअनुसार गाउँपालिकाको कुल क्षेत्रफलको झण्डै ५९.४९ वर्ग कि.मि. भूभाग खेतीयोग्य जमिन र २४.२० वर्ग कि.मि. भूभाग वन तथा झाडी क्षेत्रले ओगटेको छ। बाँकी भूगोल हिउँ, चरन क्षेत्र र नदीनाला तथा खोलाले ढाकेको छ।

#### तालिका नं. ३ : भूउपयोगको अवस्था

| क्र. स. | भूउपयोगको क्षेत्र, सन् २०२० | जुगल गाउँपालिका | |
|---|---|---|---|
| | | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
| १ | खेतीयोग्य जमिन | ५९४९.६५ | १० |
| २ | बाँझो जमिन | ५३८७.१४ | ९ |
| ३ | बुट्यान तथा चरिचरन | ६११६.८३ | १०.३ |
| ४ | वन तथा नर्सरी | २४२००.८५ | ४०.६ |
| ५ | हिउँले ढाकेको क्षेत्र | १७४४७.९२ | २९.३ |
| ६ | पानीको स्रोत | ५२६.९२ | ०.९ |
| जम्मा | | ५९६२९.३२ | १०० |

**स्रोत** : *भौगर्भिक अध्ययन २०७७*

## १.३ जनसङ्ख्याको विवरण : (सङ्कटासन्नतामा रहेका वर्ग)

यस खण्डमा जुगल गाउँपालिकाले पालिकाको पार्श्वचित्र तयार गर्नका लागि लिएको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ।

### १.३.१ जातजातिअनुसारको जनसङ्ख्या

आदिवासी जनजातिको बाहुल्यता रहेको यस गाउँपालिकामा अन्य जातिमा नेवार, क्षत्री दलित जातिको बसोबास छ। जुगल घरधुरी सर्वेक्षण २०७७ अनुसार पालिकामा रहेको जातजातिको विवरण तपसिलबमोजिम छ :

#### तालिका ४ : जातजातिअनुसारको जनसङ्ख्या

| जातजातिको प्रकार | दलित | जनजाति | ब्राह्मण पहाडी | क्षत्री | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | १८९३ | १८५१९ | ६६८ | २९३२ | ३६१३ | ३७ | २७६६२ |
| प्रतिशत | ६.८४ | ६६.९४ | २.४१ | १०.६० | १३.०६ | ०.१३ | १०० |

**स्रोत** : *जुगल गाउँपालिका घरधुरी सर्वेक्षण २०७७*

## १.३.२ उमेरअनुसारको जनसङ्ख्या

कुल जनसङ्ख्या २७,६६२ मध्ये ४७.८५ प्रतिशत सङ्कटासन्न जनसङ्ख्या रहेका छन् र यससम्बन्धी विस्तृत विवरण तपसिलबमोजिम छ :

### तालिका ५ : उमेरअनुसारको जनसङ्ख्या

| जुगल गाउँपालिका | जम्मा जनसङ्ख्या | ०-५ वर्ष | ६-१२ वर्ष | १३-१८ वर्ष | १९-५९ वर्ष | ६० वर्षमाथि | जम्मा उमेरअनुसार सङ्कटासन्न जनसङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | २७६६२ | २७३९ | ४०२५ | ३७२३ | १४४२७ | २७४८ | १३२३५ |
| प्रतिशत | १०० | ९.९० | १४.५५ | १३.४६ | ५२.१५ | ९.९३ | ४७.८५ |

**स्रोत** : *जुगल गाउँपालिका घरधुरी सर्वेक्षण २०७७*

उमेरगत हिसाबले विश्लेषण गर्ने हो भने विपद्को समयमा सबै भन्दा बढी बालबालिका, किशोर/किशोरी र ज्येष्ठ नागरिकहरू जोखिम र सङ्कटासन्न अवस्थामा हुन्छन् । सोहीअनुसार हेर्ने हो भने पालिकामा उमेरअनुसारको सङ्कटासन्न जनसङ्ख्या ४७.८५ प्रतिशत छ । जसअन्तर्गत ० देखि १८ वर्षसम्मका र ६० वर्षभन्दा माथिको उमेर समूहलाई यसमा समेटिएको छ ।

## १.३.३ अपाङ्गताको विवरण

यस गाउँपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिमध्ये सबै भन्दा बढी शारीरिक अपाङ्गता भएका व्यक्तिहरू छन् । यससम्बन्धी विवरण तपसिलबमोजिम छ :

### तालिका ६ : अपाङ्गता भएको व्यक्तिको विवरण

| वडा नं. | अपाङ्गताको प्रकार | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | शारीरिक अपाङ्गता भएका व्यक्ति | १०२ | ७२ | १७४ |
| २ | दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्ति | २९ | १० | ३९ |
| ३ | श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्ति | ३६ | १७ | ५३ |
| ४ | श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्ति | १३ | १५ | २८ |
| ५ | स्वर बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्ति | १३ | ९ | २२ |
| ६ | मानसिक अपाङ्गता | ५ | ९ | १४ |
| ७ | बौद्धिक अपाङ्गता | १६ | ३ | १९ |
| ८ | बहुअपाङ्गता | ४ | ६ | १० |
| | जम्मा | २१८ | १४१ | ३५९ |

*स्रोत : जुगल गाउँपालिका घरधुरी सर्वेक्षण २०७७*



माथिका तीनवटा तालिका विश्लेषण गर्दा जुगल गाउँपालिकामा उमेरको हिसाबले ४७.८५ प्रतिशत, जातीय हिसाबले ७३.९२ प्रतिशत र अपाङ्गताका हिसाबले १.२९ प्रतिशत जनसङ्ख्या सङ्कटासन्न अवस्थामा छन् ।

उमेरगत हिसाबले कुल जनसङ्ख्याको लगभग आधा हिस्सा सङ्कटासन्न अवस्थामा र जातीयताका हिसाबले लगभग ७४ प्रतिशत जनसङ्ख्यालाई आधार मानी स्थानीय सरकारहरूले विपद् पूर्वतयारी र व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन गर्नु आवश्यकछ।

### १.३.४ शैक्षिक अवस्थाको विश्लेषण

यस पालिकामा ४९९५ साक्षर र ५१५३ निरक्षर जनसङ्ख्या छन्। त्यसै गरेर १०७ जनाले स्नातकोत्तर, २९५ जनाले स्नातक तह उत्तीर्ण गरेका छन्। एमफिल गर्नेको सङ्ख्या २७, माध्यमिक तहमा ४४५७, प्राविधिक एसएलसीमा १८, आधारभूत तहमा ९५२५, पूर्वप्राथमिक तहमा ९०६ र पढाइ सुरु नगरेका २१७९ बालबालिका छन्।

गाउँपालिकामा पठनपाठनका लागि आधारभूत विद्यालयको सङ्ख्या १०, प्राथमिक विद्यालयको सङ्ख्या २३ र माध्यमिक विद्यालयको सङ्ख्या ९ गरी जम्मा ४२ वटा सामुदायिक शिक्षण संस्था छन्। यसका साथै १४ (७ वटा स्वास्थ्य चौकी र ७ वटा सामुदायिक स्वास्थ्य एकाइ) वटा स्वास्थ्य चौकी छन्।

### १.३.५ बसोबासको स्थिति

बसोबासको स्थिति हेर्ने हो भने निरन्तर गाउँमै बस्ने १९४४५, विदेशमा बस्ने १८४३ जना, पालिकाबाहिर तर नेपालमै ६३६३ जना र सम्पर्कविहीन ११ जना रहेको तथ्याङ्क छ। विपद्को समयमा सबै भन्दा बढी प्रभावित हुन सक्ने जनसङ्ख्या भनेको निरन्तर गाउँमा बस्ने परिवार नै हुन्छन् भने विपद् प्रतिकार्यमा पनि उनीहरू नै अग्रसर हुनुपर्छ।

### १.३.६ पेसा/व्यवसायको स्थिति

सबै परिवार पालिकामा नबस्ने भएका हुँदा पालिकामा निरन्तर बसोबास गरिरहेका व्यक्तिहरूको पेसा तथा व्यवसायलाई मात्र यहाँ समावेश गरिएको छ।

**तालिका नं. ७ : रोजगारसम्बन्धी विवरण**

| पेसा/व्यवसायको किसिम | पेसामा आबद्ध सङ्ख्या | पेसा/व्यवसायको किसिम | पेसामा आबद्ध सङ्ख्या |
|---|---|---|---|
| ज्याला मजदूरी | ११५२ | व्यावसायिक कार्य | ३८ |
| नोकरी | ९५८ | उद्योग तथा व्यापार | ३०४ |
| वैदेशिक रोजगारी | ११३८ | कृषि तथा पशु पालन | ५४९९ |
| नखुलाएको | ५७४४ | अन्य | ५८७ |
| कूल | | | १५४२० |

*स्रोत : जुगल गाउँपालिका घरधुरी सर्वेक्षण २०७७*

पालिकाका ५४९९ व्यक्तिले आफ्नो प्रमुख पेसामा कृषिलाई छानेका छन् । त्यस्तै ११३८ जना आय आर्जनका लागि वैदेशिक रोजगारीमा छन् भने ११५२ परिवारले आफ्नो प्रमुख आम्दानीको स्रोत र पेसाका रूपमा ज्याला मजदूरी बताएका छन् ।

### १.३.७ पिउने पानी, इन्धन र शौचालय प्रयोगको अवस्था

पिउने पानीको प्रयोगको अवस्था हेर्दा २७० परिवारको घर-घरमा धारा, ४८८७ परिवारले पाइपधारा सार्वजनिक स्थानबाट र १८ परिवारले मूलको पानी प्रयोग गरिरहेका छन् । ५१७५ परिवारमध्ये ४७५ परिवारले खाना पकाउने इन्धनका रूपमा एलपी ग्यास, ३ परिवारले मट्टितेल (स्टोभ), ४ परिवारले बायोग्यास र ४,६९३ परिवारले दाउरा प्रयोग गर्ने गरेका छन् ।

ऊर्जाका रूपमा ४०७९ परिवारले विद्युतीय ऊर्जा, १०७१ परिवारले सौर्य ऊर्जा र २५ परिवारले मट्टितेल प्रयोग गर्ने गरेका छन् ।

शौचालयको प्रयोगको अवस्थालाई हेर्ने हो भने ३,६६४ परिवारले सेफ्टी ट्याङ्कीसहितको १,५०३ परिवारले सामान्य शौचालयको प्रयोग गरेका छन् भने ८ घरमा शौचालय छैन ।

यस खण्डमा विपद् व्यवस्थापनका दृष्टिकोणले अति महत्वपूर्ण तथ्याङ्क र विवरणहरूलाई मात्र समावेश गरिएको छ । विपद्को समयमा प्रयोग गर्न सक्ने स्थानीय स्रोत/साधन, जनशक्तिका विषयमा यहाँबाट प्रारम्भिक जानकारी लिन सकिन्छ । त्यस्तै विपद्को समयमा बढी सङ्कटासन्न अवस्थामा रहने जनसङ्ख्याहरूको विवरण, विपद्को समयमा उपलब्ध गराउनुपर्ने अति आवश्यक पिउने पानी, इन्धन र शौचालयका विषयमा पनि यहाँबाट जानकारी लिन सकिन्छ । यही जानकारीलाई आधार मानेर पालिकाले विपद् व्यवस्थापन योजनाको कार्यान्वयन, पूर्वतयारी र प्रतिकार्य निर्देशिका बनाउन सक्नेछ ।

त्यस्तै गरी कुल परिवार सङ्ख्यामध्ये ४६९३ परिवारले हाल पनि इन्धनका रूपमा दाउरा प्रयोग गर्ने हुँदा त्यसबाट स्वास्थ्यसम्बन्धी जोखिम, आगलागीको सम्भावना र जङ्गल विनाशको अवस्था विश्लेषण गर्न सकिन्छ । त्यस्तै खुला दिशामुक्त क्षेत्र घोषणा भएको भए तापनि केही परिवारको व्यक्तिगत शौचालय छैन । जसका कारण स्वास्थ्यसम्बन्धी विपद्को सामना गर्नुपर्ने अवस्था पनि सिर्जना हुन सक्छ ।

## १.४ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय

### १.४.१ योजनाको आवश्यकता तथा महत्व

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले विपद् तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी योजना निर्माण गर्नुपर्ने र आफ्नो क्षेत्रको जोखिम कम गर्न लगानी गर्नुपर्ने प्रावधानको व्यवस्था गरेको छ । स्थानीय स्तरमा हुने विपद्का क्रियाकलापलाई न्यूनीकरण गरी मानवीय तथा भौतिक क्षतिको न्यूनीकरण गर्नका लागि स्थानीय सरकार जवाफदेही हुने प्रावधान छ । स्थानीय तहले समुदाय तहमा विपद् जोखिमको विषयमा जनचेतना जगाइ जोखिम कम गर्नका लागि पूर्वतयारीका क्रियाकलाप सञ्चालन गर्ने प्रभावकारी प्रतिकार्यका लागि दक्ष जनशक्तिको व्यवस्थापन

गर्ने, विपद्पछि प्रभावकारी प्रतिकार्य र पुनर्स्थापनाका कार्यहरू बलियो, उत्थानशील र दिगो बनाउन विपद् व्यवस्थापनको क्षेत्रमा लगानी गर्नुपर्नेछ। गाउँपालिकास्तरीय विपद् जोखिम व्यवस्थापन योजनाका निम्न महत्वले यसको आवश्यकता पुष्टि गर्छ :

- गाउँपालिका स्तरमा विपद् व्यवस्थापनका क्रियाकलापहरू सञ्चालनका लागि संस्थागत संरचना तयार गरी बहुप्रकोप जोखिम तथा क्षमता विश्लेषणका लागि समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न।
- गाउँपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र प्रभावकारी प्रतिकार्यका लागि आवश्यक पर्ने मानव शक्ति र गैरमानव साधनको व्यवस्थापनका लागि प्रभावकारी प्रतिकार्य दल निर्माण गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न।
- समुदायमा आधारित पूर्वचेतावनी प्रणाली स्थापनाको माध्यमबाट सम्भावित जोखिम परिवारलाई पूर्वजानकारी गराइ समुदायलाई विपद् पूर्वतयारी र प्रतिकार्यमा जवाफदेही बनाउन।
- स्थानीय स्रोत/साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्वचेतावनी प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेही तरिकाले मानवीय सहयोग उपलब्ध गराउन स्थानीय निकायलाई जिम्मेवार बनाउने।
- विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका लागि जोखिम संवेदनशील भूउपयोग योजना र भूउपयोग सोचपत्रको महत्वका विषयमा बोध गराउने।
- स्थानीयस्तरमा सञ्चालन हुने हरेक विकास निर्माणका काममा विपद् जोखिम व्यवस्थापनका क्रियाकलापलाई मूलप्रवाहीकरण गर्नका लागि स्थानीय तहलाई जिम्मेवार बनाउने।

### १.४.२ योजनाको सीमा

योजनाको कार्यान्वयन स्थानीय निकायहरूले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अङ्गका रूपमा गर्ने भएकाले विकास-निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहनेछन्। यो योजना 'स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४' को मस्यौदाअनुसार तयार गरिएको छ।

मूलतः स्थानीय समुदाय र सरोकारवालाको विपद् व्यवस्थापन सम्बन्धमा भएका ज्ञान, सिकाइ र बुझाइमा आधारित रही यो योजना तयार गरिएको छ। यो योजना तर्जुमा कार्यमा पालिकाका सबै वडामा सहभागितामूलक सङ्कटासन्नता तथा अनुकूलन क्षमता विश्लेषण गरी निर्माण गरिएको भए तापनि सङ्ख्यात्मक सीमितताले गर्दा प्रशस्त अनुभव समेट्न सकिएको छैन। समय, स्रोत/साधनको सीमितता भए तापनि योजना निर्माण गर्दा अपनाउनुपर्ने सम्पूर्ण विधिहरू अवलम्बन गरेर बहुपक्षीय सूचनाहरू सङ्कलन गर्ने प्रयास गरिएको छ। यस योजनाको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यकरूपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसका लागि स्रोतको खोजी गर्नुपर्ने अवस्था रहन्छ जुन हुन्छ नै भन्न सकिन्न। त्यस्तै योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि आवश्यक सबै दक्ष जनशक्तिको स्थानीय स्तरमा नै उपलब्धता नहुन पनि सक्छ।

### १.४.३ योजना निर्माण र स्वीकृति प्रक्रिया

योजना निर्माणका क्रममा पालिकाका सरोकारवाला निकाय तथा व्यक्तिहरूसँग सामूहिक तथा व्यक्तिगत छलफल गरिएको थियो । यस योजनालाई सहभागितामूलक, प्रभावकारी र व्यवस्थित बनाउनका लागि पालिकाका विषयगत कार्यालयका प्रमुखहरूसँग विपद् व्यवस्थापनमा विषयगत कार्यालयको भूमिकाका विषयमा छलफलसमेत गरिएको थियो ।

स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा यो योजना तर्जुमाका लागि तपसिलका प्रक्रियाहरू अवलम्बन गरिएको थियो :

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमासम्बन्धी गाउँपालिका र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबीच छलफल,
- वडा र समुदायस्तरबाट सङ्कटासन्नता तथा क्षमताको विश्लेषण गरी सूचना सङ्कलन गर्न संस्थाका कर्मचारीहरू र समुदायका जानकारहरूको परिचालन,
- समुदायमा भएका प्रकोपका घटनाहरूको प्राविधिक मूल्याङ्कन, सम्भावित जोखिम स्थान र सुरक्षित स्थानको  पहिचानका साथै सम्भावित अल्पीकरणका योजनाहरू पहिचानका लागि भूगर्भविद्को परिचालन,
- वडा र समुदायस्तरबाट सङ्कलित सूचनाका आधारमा गाउँपालिकाको विपद् र जलवायु जोखिम स्थिति प्रतिवेदन तयार,
- जोखिम स्थिति प्रतिवेदनबारे योजना तर्जुमा गोष्ठी गरी विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ योजनामा छलफल,
- मस्यौदा लेखन र गाउँपालिकामा पेस,
- मस्यौदामा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र जुगल गाउँपालिकाको मुख्य सरोकारवालाबाट अध्ययन र सुझाव सङ्कलन
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अन्तिम योजना तयार
- गाउँपरिषद्बाट अनुमोदन र कार्यान्वयन ।

### १.४.४ बजेट व्यवस्था

- स्वीकृत योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलाप सञ्चालनका लागि गाउँपालिकाले आफ्नो क्षमताले भ्याएसम्म बजेट विनियोजन गर्नेछ ।
- यस योजनामा उल्लेख क्रियाकलापहरूका लागि विस्तृत डिजाइन, इस्टिमेट र बजेट तयार गरी वार्षिक योजनामा समावेश गर्नेछ ।
- गाउँपालिकामा कार्यरत सङ्घ/संस्थाले यस योजनामा भएका क्रियाकलापलाई सहयोग पुग्ने तरिकाले बजेटको व्यवस्था गर्नुपर्नेछ ।

- यसका साथै निजी संस्था तथा समुदायको सहयोगमा बजेटको व्यवस्था गर्न सकिनेछ।
- गाउँपालिका र वडा कार्यालयले विपद् व्यवस्थापन कोष तयार गरी सम्बन्धित शीर्षकमा काम गर्न खर्च गर्ने प्रबन्ध गर्नेछ।

## १.४.५ योजना कार्यान्वयनको प्रक्रिया

- गाउँपरिषद्बाट स्वीकृत विपद् जोखिम व्यवस्थापन योजना स्थानीय विपद् व्यवस्थापन समितिमार्फत कार्यान्वयन गरिनेछ।
- विपद् व्यवस्थापन समितिबाट स्वीकृत योजनाहरू विषयगत कार्यालय, समुदाय, सङ्घ/संस्था तथा निजी क्षेत्र एवं वडास्तरीय विपद् व्यवस्थापन समितिको सहयोग र सहकार्यमा कार्यान्वयन गरिनेछ।

## १.४.६ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

योजनाको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन जुगल गाउँपालिकाले अन्य कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दा सँगै गर्नेछ। अनुगमन, मूल्याङ्कनका लागि प्रतिवेदन फाराममा यस योजनामा भएका क्रियाकलापको प्रगतिको विवरण लिइनेछ। कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनमा पनि यस योजनामा भएका क्रियाकलापहरू सम्पन्न गरिए या गरिएनन् भन्ने आधारमा मूल्याङ्कन गरिनेछ र मूल्याङ्कन फाराममा सूचकहरू तय गरिनेछ। प्रत्येक ६-६ महिनामा यस योजनाको प्रगतिको समीक्षा गरी आगामी ६ महिनाको कार्ययोजना तयार गरिनेछ। यस योजनाको प्रत्येक वर्ष पुनरावलोकन गरिनेछ भने प्रत्येक ५ वर्षमा विस्तृत पुनरावलोकन र परिमार्जन गरिनेछ। यसका अलावा तपसिलका प्रक्रियाका माध्यमबाट योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गरिनेछ :

- गाउँपालिकाले बार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनमा समेत नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
- गाउँपालिकास्तरमा गठित अनुगमन समितिले विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यक्रमको प्रभावकारितासमेत मूल्याङ्कन गरी आवश्यकताअनुसार गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ।
- गाउँपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नेछ।
- विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अद्यावधिक गर्नेछ।

# खण्ड : दुई

# प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २. प्रकोपको पहिचान तथा स्तरीकरण

### २.१ प्रकोप स्तरीकरण

भूकम्प लामो समयको अन्तरालमा घट्ने प्रकोप भए तापनि यसको प्रभाव र असरको क्षेत्र ठूलो हुने गर्छ। २०७२ को भूकम्पले समुदायमा असर गरेको विवरणका आधारमा पहिलो प्राथमिकतामा यहाँ भूकम्पलाई राखिएको छ। समुदायमा गरिएको छलफलअनुसार वडामा पहिचान भएका प्रकोपहरू, त्यसले निम्त्याउने विपद् र असरका आधारमा प्रकोपको स्तरीकरण तपसिलबमोजिम गरिएको छ :

**तालिका ८ : प्रकोप स्तरीकरण**

| वडा | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | छैटौं | सातौं | आठौं | नवौं |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प | पहिरो | भेलबााढी | वन्यजन्तु आतङ्क | हुरीबतास | आगलागी | चट्याङ | सडक दुर्घटना | |
| २ | भूकम्प | पहिरो | भेलबाढी | वन्यजन्तु आतङ्क | हुरीबतास | भिरबाट मान्छे खस्ने | आगलागी | महामारी | |
| ३ | भूकम्प | पहिरो | वन्यजन्तु आतङ्क | भेलबाढी | हुरीबतास | आगलागी | चट्याङ | महामारी | सडक दुर्घटना |
| ४ | भूकम्प | भेलबाढी | वन्यजन्तु आतङ्क | पहिरो | चट्याङ | हुरीबतास | महामारी | आगलागी | |
| ५ | भूकम्प | पहिरो | भेलबाढी | वन्यजन्तु आतङ्क | करेन्ट | आगलागी | हुरीबतास | चट्याङ | हाइड्रो पाइप लाइन |
| ६ | भूकम्प | पहिरो | भेलबाढी | वन्यजन्तु आतङ्क | चट्याङ | असिना | हुरीबतास | | |
| ७ | भूकम्प | पहिरो | भेलबाढी | हाइड्रो पाइपलाइन | वन्यजन्तु आतङ्क | हुरीबतास | | | |

*स्रोत : सङ्कटासन्नता तथा क्षमता विश्लेषण २०७७*

माथिको तालिकालाई विश्लेषण गर्दा भूकम्प यस गाउँपालिकाको प्रथम प्रकोपका रूपमा छ। वडाबाट आएको तथ्याङ्कलाई अङ्कभार राखी हेर्दा भूकम्पले ७, पहिरोले ६, भेलबाढीले ५, वन्यजन्तु आतङ्कले ४ अङ्क प्राप्त गरी क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो प्रकोपका रूपमा छन्। यसैगरी हुरीबतास, चट्याङ, आगलागी, महामारी क्रमशः पाँचौं, छैटौ, सातौं र आठौं प्रकोपको रूपमा छन्। हाइड्रो पाइपलाइन, सडक दुर्घटना, विद्युत् दुर्घटना र असिना पनि यस गाउँपालिकाको अन्य प्रकोपका रूपमा छन्। मानवीय र भौतिक क्षतिका दृष्टिकोणले हेर्ने हो भने पालिकामा सबै भन्दा बढी असर भूकम्प र पहिरोले गरेको छ। त्यस्तै प्राकृतिक क्षति सबै भन्दा बढी भेलबाढीले गरेको छ।

## २.२ विपद् ऐतिहासिक समयरेखा

| सडक | ढाडे विसिङ्खर हुँदै हाप्रा मुख्य सडक, पोङ्गलोङ्ग खानीडाँडा, विसिङ्खर पाटीचौर, घुमथाङ लिस्ती, बराम्ची हाप्रा, हगाम पोन्जोङ घाङ, विसिङ्खर याङ्लाकोट | १ मुख्य र ६ शाखा सडक | सामान्य गाडी | कच्ची |
| विद्यालय भवन | वनकालीदेवी मावि हाप्रा, श्री अधारभूत विद्यालय घिचे र हगाम, विसिङ्खर आधारभूत विद्यालय | ४ | २ वटा १ देखि ५, १ वटा १ देखि ८ र १ वटा १ देखि १० | हाप्राको बाहेक सबै सुरक्षित |
| सञ्चारका साधन टावर, मोबाइल, टेलिफोन, रेडियो र टिभी | मोबाइल, टेलिभिजन, रेडियो | ५३४ | ५३४ घरधुरीले प्रयोग गर्छन् | नेटवर्क जाने |
| यातायातका साधन ठूलो गाडी, टिपर, बोलेरो | सामान्य व्यक्तिगत साधन | २० वाइक १ फोर ह्विलर | | |
| मानव संसाधन | | | | |
| ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता | स्वास्थ्य स्वयमसेविका ५ | ५ | समुदायमा आवश्यकताअनुसार सचेतीकरण र स्वास्थ्य परामर्श सेवा प्रदान गर्न सक्ने | परिचालित |
| तालिम प्राप्त कृषि प्राविधिक | वडास्तरीय | १ | कृषिसम्बन्धी | आवश्यकता अनुसार |
| शिक्षक | ४ वटा विद्यालयमा अध्यापन गराउने शिक्षकहरू | १२ | मावि र आधारभूत | काम गरिरहेका |
| सिकर्मी | हाप्रा, हगाम, घिचे, विसिङ्खरलगायत अन्य | २५ | सम्पूर्ण काम | हाल पनि काम गरिरहेका |
| डकर्मी | हाप्रा, हगाम, घिचे, विसिङ्खरलगायत अन्य | ७० | सबै कार्य | काम गरिरहेका |
| भकारी, मान्द्रो, डोको, थुन्से | हाप्रा, हगाम, विसिङ्खर, घिचे गरी | १० | | सक्रिय |

| विवरण | नाम र रहेको स्थान (कहाँ ?) | सङ्ख्या (कति ?) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| सामाजिक स्रोत | | | | |
| सामुदायिक भवन | हगाम, विसिङ्खर, हाप्रा, | ३ | १५० | राम्रो |
| पाटी पौवा | घट्टेखोला छेउ, १ हगाम, १ घिचे, १ विसिङ्खर १ मगरनाम्सा | ५ | सामान्य | मसान पाटी |
| पिउने पानी वितरण धारा | हाप्रा १७, १७ विसिङ्खर, १२ हगाम, १४ अन्य स्थानमा | ६० | सिङ्गै बस्तीलाई पानीको सुविधा | कुनैको राम्रो त कुनैको नराम्रो |
| मठमन्दिर | हगाम १, विसिङ्खर १ र घिचे १ गरी ३ गुम्बा, चर्च हाप्रा १, हाप्रा मन्दिर २ | ६ | भूकम्पका कारण सबै गुम्बा भत्केका, मन्दिरको छेउछाउ बस्ने स्थान नभएको | अवस्था राम्रो नरहेको |
| आय आर्जनमा सक्रिय महिला (पसल, गलैंचा बुन्ने, बाख्रा पालन, मिल चलाउने) | हाप्रा, विसिङ्खर, घिचे र हगाम गरी | २५ | गाउँका सबैलाई सेवा प्रदान गरिरहेको | हाल सक्रिय अवस्था |
| सामाजिक संरचना | | | | |
| महिला/आमा/अपाङ्गता भएका व्यक्तिहरूको समूह | गरिबी निवारण र आमा समूह (साविकका प्रत्येक वडामा १/१ जना गरी जम्मा ५ जना) | ६ | मासिक बैठक तथा बचत | सक्रिय |
| आर्थिक स्रोत | | | | |
| व्यापार/व्यवसाय | हाप्रा, विसिङ्खर, घिचे, हगाम, खानी डाँडामा गरी कुल | ३१ | ५३४ घर/परिवारलाई सेवा प्रदान गरिरहेको | राम्रो |
| उद्योग/कलकारखाना | २ वटा मिल हगाम, १ वटा विसिङ्खर, २ आरन कामी गाउँ, पानी घट्ट हाप्रा १, घिचे १, समघट्ट १ गरी ३ पानी घट्ट, १ मिल हाप्रा | ९ | ५३४ घरलाई सेवा प्रदान गरिरहेको | राम्रो |

## वडा नं. ७

| विवरण | नाम र रहेको स्थान (कहाँ ?) | सङ्ख्या (कति ?) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| भौतिक स्रोत | | | | |
| पुल | शेर्माथान, बोक्सी खोला | २ | १५ जना | राम्रो |
| सडक | ढाडे याङ्लाकोट, ढाडे विसिङ्खर, ढाडे देउराली, ढाडे धुस्कर | ४ | २० टन | कच्ची सडक |
| बाँध | छैन | | | |

| विवरण | नाम र रहेको स्थान (कहाँ ?) | सङ्ख्या (कति ?) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| विद्यालय भवन | जलदेवी माध्यमिक विद्यालय याङ्गलाकोट, पञ्चकन्या प्रावि तीनघरे, कलंसा प्राविं, सिद्धार्थ प्राविं शेर्माथान, | ४ | १ मावि, ३ प्रावि | राम्रो |
| सुरक्षित आवास तथा स्थान | छैन | | | |
| सामुदायिक चर्पी | मन्दिरमा आउनेको लागि | १ | | राम्रो |
| सञ्चारका साधन टावर, मोबाइल, टेलिफोन, रेडियो र टिभी | मोबाइल, रेडियो, टेलिभिजन | ४६० | | राम्रो |
| यातायातका साधन ठूलो गाडी, टिपर, बोलेरो | मोटरसाइकलसमेत गरी | २१ | व्यक्तिगत प्रयोजन | राम्रो |
| **मानव संसाधन** | | | | |
| ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता | ४ जना स्वास्थ्य स्वयंसेविका, अहेव १, | ५ | ४६० परिवारलाई सेवा दिएको | सक्रिय |
| शिक्षक | १ स्थायी, ७ जना अस्थायी | ८ | | सक्रिय |
| कर्मचारी | वडा इन्जिनियर १, वडा सचिव १, | २ | समुदायमा सेवा दिइरहेको | |
| सिकर्मी | याङ्गलाकोट, कलंसा, धुर्जा गाउँ, पेप्टा, शेर्माथान गरी कुल | २० | ४६० घर/परिवारलाई सेवा | |
| डकर्मी | याङ्गलाकोट, कलंसा, धुर्जा गाउँ, पेप्टा, शेर्माथान गरी कुल | ४० | ४६० घर/परिवारलाई सेवा | |
| **सामाजिक स्रोत** | | | | |
| पाटी पौवा | नमुना घर याङ्गलाकोट | १ | | राम्रो |
| पिउने पानी वितरण धारा | शेर्माथान ७, धूर्जा गाउँ २०, सलंसा ५, पेप्टा ७, याङ्गलाकोट ९, चामबोटे ५, तीनघरे ४ | ६७ | ४६० घरका लागि | राम्रो |
| मठमन्दिर | जलदेवी र गुरासमाई | २ | | राम्रो |
| आय आर्जनमा सक्रिय महिला | होटल, पसल, गलैंचा बुन्ने | ४० | ४६० लाई सेवा प्रदान | |

| विवरण | नाम र रहेको स्थान (कहाँ ?) | सङ्ख्या (कति ?) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| सामाजिक संरचना | | | | |
| महिला/आमा/ अपाङ्गता भएका व्यक्तिहरूको समूह | ४ आमा समूह | ४ वटा | मासिक बैठक र बचत | |
| आर्थिक स्रोत | | | | |
| व्यापार/ व्यवसाय | साना/ठूला गरी १३ वटा | १३ | | |
| उद्योग/ कलकारखाना | गलैंचा १, ढुङ्गा खानी ४, मिल २ वटा र ३ वटा घट्ट | १० | ४६० भन्दा बढी परिवारलाई सेवा दिएको | सक्रिय |
| बचत समूह | आमा समूहहरू | ४ | मासिक बैठक र बचत | सक्रिय |
| विपद् व्यवस्थापन कोष | वडास्तरीय | १ | सहयोग | सक्रिय |

*स्रोत : सङ्कटासन्नता तथा क्षमता विश्लेषण २०७७*

जुगल गाउँपालिकामा भएका भौतिक, मानवीय, सामाजिक, आर्थिक स्रोत र सामाजिक संरचनाको विवरण यहाँ उल्लेख गरिएको छ । समुदायसँगको छलफलका आधारमा समूहले उपलब्ध गराएको जानकारीअनुसार यो विवरण तयार गरिएको हो । पालिकाको खेतीयोग्य जमिन, बाँझो जमिनलगायत विवरण माथि नै उल्लेख गरिसकिएकाले यसमा समावेश छैन ।

पालिकामा भएका स्रोतहरूको विश्लेषण गर्दा धेरै खोलानाला भएकाले एक समुदायबाट अर्को समुदायमा आवतजावत गर्न पर्याप्त मात्रामा झोलुङ्गे पुल निर्माण भएका छन् । त्यस्तै आवश्यक स्थानमा पालिकाले आफ्नो नीति तथा कार्यक्रममा बजेट व्यवस्था गरी पुल निर्माणको काम पनि सँगसँगै गर्दै आएको छ । तर भएका पुलको नियमित मर्मत सम्भार भएको देखिँदैन । स्थानीय समुदायले पनि आफूले प्रयोग गर्ने संरचनाहरूको मर्मत सम्भारका लागि खासै पहल गरेको देखिँदैन । पालिकाले बजेट विनियोजन गरेमा मात्र काम अगाडि बढ्ने गरेको देखिन्छ । विद्यालयको अवस्था हेर्ने हो भने प्रायः सबै समुदायमा पक्की भवनसहितको संरचना निर्माण भएका छन् । बनेका बिद्यालयहरू भूकम्प प्रतिरोधी तरिकाले निर्माण भएका छन् । तर सबै सुरक्षित स्थानमा भने छैनन् । विद्यालय निर्माणका लागि भिर, पाखो र समुदायको पहुँच भन्दा टाढाको जमिन उपलब्ध गराउने परिपाटी भएको हुँदा कुनै कुनै विद्यालय भवन विपद्को समयमा ढुक्कले प्रयोग गर्ने अवस्थामा भने छैनन् । त्यस्तै केही पक्की र समुदायको पहुँचमा विद्यालय भए तापनि विद्यार्थी अभाव छ । यस्ता संरचना भूकम्प प्रतिरोधी भए तापनि बहुप्रकोपका जोखिममा रहने भएकाले विपद्को समयमा प्रयोग गर्न पनि चुनौतीपूर्ण रहेको छ ।  सिन्धुपाल्चोक जिल्लाकै भूकम्प प्रतिरोधी नमुना विद्यालय रत्नराज्य माध्यमिक विद्यालयलाई विपद्को समयमा अस्थायी आवासका रूपमा पालिका र समुदायले प्रयोग गर्न सक्ने अवस्था छ । कोभिड-१९ महामारीको समयमा यस विद्यालयलाई आइसोलेसनका रूपमा प्रयोग गरिएको थियो ।

मानव संसाधनको विश्लेषण गर्दा भूकम्प प्रतिरोधी घरहरू निर्माण गर्न सक्ने जनशक्ति समुदायमा छन् । खोज तथा उद्धार र प्राथमिक उपचार गर्न सक्ने जनशक्ति भने खासै नभएको देखिन्छ । खोज तथा उद्धारका लागि आवश्यक भौतिक सामग्रीहरू र विपद्को समयमा आश्रय लिन सक्ने सुरक्षित सामुदायिक भवनहरू र स्थानहरू पनि पालिकामा पर्याप्त छैनन् । यसै गरी वडागतरूपमा विभिन्न सहकारी तथा बचत समूह, आमा समूह, युवा क्लबहरू पनि छन् । पालिका र वडाहरूमा नेपाल सरकारको मापदण्डअनुसार विपद् व्यवस्थापन कोष व्यवस्था गरी प्रयोग गरेका देखिन्छ । विपद् पर्दाको अवस्थामा विपद् व्यवस्थापन समितिको बैठक बसी उक्त रकम परिचालन गर्ने परिपाटी पनि देखिन्छ ।

## २.७ लक्षित समूह छलफल

विपद् र जलवायु परिवर्तनका सवालमा सङ्कटासन्नता क्षमता विश्लेषण गर्दा उपस्थित हुन नसकेका अपाङ्गता भएका व्यक्ति, बालबालिका, महिला तथा ज्येष्ठ नागरिक समूहरूसँग छुट्टै छलफल गरिएको थियो । छलफलका क्रममा उनीहरूले विगत ३० वर्षको अवस्था, हालको अवस्था वा महसुस गरेका प्रभाव र सम्भावित समाधानका उपायबारेमा बताएका थिए जसलाई तपसिलबमोजिम उल्लेख गरिएको छ ः

### तालिका नं. १७ : लक्षित समूल छलफलसम्बन्धी विवरण

| क्र.स. | समस्या | विगत ३० वर्षको अवस्था | हालको अवस्था वा महसुस गरिएको प्रभाव | समाधानका सम्भावित उपाय |
|---|---|---|---|---|
| १ | विपद् र विपद्का सवाल (भूकम्प, भेलबाढी, पहिरो, जङ्गली जनावरको आतङ्क, चट्याङ) | सामान्य बाढी तथा पहिरोको प्रभाव कम थियो । मानवसिर्जित कारण भन्दा पनि प्राकृतिक कारणले नै पहिरो गएका घटना बढी थिए । सडक निर्माणका कामहरू कम थिए । परिवारका सबै मानिस कृषिमा आश्रित हुँदा जमिन बाँझो हुँदैनथ्यो । सबै खेतीयोग्य जमिनको प्रयोग हुँदाँ बर्षायामको अनावश्यक पानीलाई उचित निकाशा गर्ने चलन थियो । जसको फलस्वरूप पहिरो र भेलबाढीको समस्या केही कम थियो । जङ्गली जनावर (बाँदरको) आतङ्क थियो तर कृषकहरू खेतबारीमै गोठ बनाएर बस्ने र जङ्गलमा पर्याप्त कन्दमूल पाइने हुँदा बाँदर आतङ्क समुदायमा थिएन । | सडक विस्तारसँगै नालाको र पर्याप्त अल्पीकरणका काम नहुँदा भेलबाढी र पहिरोको समस्या बढ्दै गएको । खेती बाँझो राख्ने प्रवृत्ति बढेसँगै भेलबाढी, पहिरो, जङ्गली जनावरको आतङ्क समुदायमा देखापरेको छ । फलस्वरूप समुदायमा मनोवैज्ञानिक असर, दैनिक ज्याला मजदूरीमा, जीविकोपार्जनमा समस्या, जमिन भासिनु, मानिसमा अल्छीपना आउने जस्ता प्रवृत्ति बढ्दै गएका छन् । | सडक विस्तार गर्दा सकभर भिरालो जमिनको प्रयोग नगर्ने, प्राविधिक चेकजाँच गरी गर्ने, सुरक्षित स्थानमा बस्ती बसाउने, वर्षाको समयमा ढलनाला र भेलको व्यवस्थापन गर्ने, भौगोलिक अध्ययनपश्चातमात्र आवास निर्माणको कार्य गर्ने, खेतीयोग्य जमिन बाँझो हुन नदिने, समुदायलाई भलकुलो तर्काउनका लागि प्रेरित गर्ने । जङ्गली क्षेत्रमा फलफूल तथा कन्दमुल लगाउने, जैविक विविधता र पारिस्थितिक पद्धति संरक्षण गर्नका लागि समुदायलाई प्रेरित गर्ने । |

| क्र.स. | समस्या | विगत ३० वर्षको अवस्था | हालको अवस्था वा महसुस गरिएको प्रभाव | समाधानका सम्भावित उपाय |
|---|---|---|---|---|
| २ | १. पहिरोको कारण विद्यालय आवतजावतमा समस्या,<br>२. भूकम्पका कारण पानीको मुहान सुकेकाले पानीको समस्यासँगै महिलाको कार्यभार बढेको,<br>३.पानीको मुहानहरू सुकेको वा नयाँ मुहानहरू पहिचान भएको | गोरेटो र साँघुरो बाटो हुनाले हिँडडुल गर्न गाह्रो थियो। विद्यालय आवतजावतका लागि समस्या बढी थियो, पहिले पिउने पानीका स्रोतहरू प्रशस्त थिए र पानी ओसारपसार गर्नका लागि सहज थियो। ९० साल र ७२ को भूकम्पका कारण पुराना मुहानहरू सुकी केही स्थानमा पानीका नँयाँ स्रोत उत्पन्न भएका छन्। | पहिरोका कारण विद्यालय जान नसक्दा पढाइमा असर परेको छ। पहिलेको तुलनामा पानीका मुहानहरू सुकेकाले महिलाको कार्यभार थपिएको छ। धेरै टाढाबाट पिउने पानी ल्याउनुपर्ने भएका कारण पानी अन्य कामका लागि समय बचाउन समस्या छ। पानीको स्रोत कमी हुँदा समुदायका मानिसमा झैझगडा बढेको छ। | विद्यालय जाने बाटो सुरक्षित बनाउने, पानीको स्रोत वरिपरि उतिस जस्ता ओसिलो बिरुवा लगाउने, उपभोक्ता समूहहरू गठन गरी बिजनेस मोडेलमा पिउने पानी, वन तथा अन्य सामाजिक संरचनाहरू निर्माण गर्ने परिपाटी विकास गर्ने। |
| ३ | जीविकोपार्जन तथा खाद्य सुरक्षाका सवाल<br>१.कृषि उत्पादन बढेको वा घटेको,<br>२. कृषि वा खेती गर्ने प्रक्रिया र प्रणालीमा आएको फरक,<br>३. स्थानीय कृषि उपजहरू लोप र नयाँ प्रजातिको प्रयोग बढेको,<br>४. आयात बढेको, कृषियोग्य जमिनको गैकृषि कार्यमा प्रयोग | धेरै स्थानमा खेती गरे पनि कम उत्पादन हुने । परम्परागत खेती र रैथाने प्रजातिका बिउबिजनको प्रयोग गर्दा उत्पादित उपजहरू स्वस्थकर र गुणस्तर हुनुका साथै लामो समय भण्डारण गर्न सकिन्थ्यो । अधिकांश परिवारका सदस्यहरू कृषि पेसामा आबद्ध भएकाले सबै खेतबारी र पाखामा खेती गरिन्थ्यो। कृषियोग्य खेतीहरूमा गैरकृषि प्रयोजनका काम भएका थिएनन्। पारिवारिक खेती गरिने भएकाले खाद्यान्न आयात गरिँदैनथ्यो। स्थानीय समुदायमा नै वस्तु साटासाट गर्ने चलन बढी थियो। | आधुनिक कृषि प्रणाली र बिउविजन प्रयोगले उत्पादन वृद्धि भएको छ। तर विषादी र रसायनको अधिकतम प्रयोगले जमिनको उत्पादकत्वमा ह्रास आउन थालेको छ। मानिसको खेती गर्ने दरमा कमी आएको, कृषि उपज र खाद्यान्न बढी आयात हुने, स्वस्थकर नहुने र कृषि खेती कम हुँदा रहेका जमिन पनि बाँझो हुन थालेको छ। कृषिको सट्टा अन्य प्रयोजनका लागि उपयोग हुन थालेको छ। घर निर्माण गर्ने, विभिन्न उद्योग कलकारखाना सञ्चालन गर्ने जस्ता कार्यमा उपयोग भएको छ । सडक सञ्जालहरू विस्तार हुँदै गएकाले खेतीयोग्य जमिनलाई आवासीय जग्गामा प्रयोग गर्ने दर बढेको। | स्थानीय बिउविजनको प्रयोग गर्न प्रोत्साहन गर्ने, नयाँ र आधुनिक कृषि प्रणालीको प्रयोगले वातावरणमा आएको परिवर्तनबारे विस्तृत जानाकारी गराउने, कृषि पेसालाई मर्यादित बनाउनका लागि युवा पुस्तालाई प्रोत्साहन गर्ने, अनुदान तथा पुरस्कारको व्यवस्था गर्ने। भूमिको वर्गीकरण गरी सोहीबमोजिम प्रयोग गर्नका लागि समुदायलाई प्रोत्साहित गर्ने। |

| क्र.स. | समस्या | विगत ३० वर्षको अवस्था | हालको अवस्था वा महसुस गरिएको प्रभाव | समाधानका सम्भावित उपाय |
|---|---|---|---|---|
| ४ | समुदायमा मानव तथा पशु स्वास्थ्यमा आएको समस्याहरूको विवरण समयसहित | पशुपन्छीमा जुका पर्ने, भुँडी फुल्ने, खोरेतलगायतका रोग बढी देखिन्थ्यो । समयमा उपचार नपाउँदा धेरै आर्थिक क्षति बेहोर्नुपर्ने अवस्था थियो । मानिसलाई पनि झाडापखाला, आउँ, ज्वरोलगायतका रोगले सताउँथ्यो । स्थानीय स्तरमा स्वास्थ्य सेवाहरू उपलब्ध नहुँदा अकालमा ज्यान गुमाउनेकाको सङ्ख्या धेरै थियो । तर मानिस र पशुले प्रयोग गर्ने अन्न तथा घाँसपातमा रासायनिक मलको प्रयोग कम हुने हुँदा दीर्घकालीन रोगहरू भने कम देखिन्थ्यो । | मानिसमा देखा पर्ने आउँ, झाडापखाला र असामान्य ज्वरो आदि सचेतीकरण र सरसफाइमा आएको परिवर्तनका कारण कम हुँदै गएको छ । समुदायमा स्वास्थ्य स्वयम्सेविकाहरू परिचालन र स्वास्थ्य सेवाहरू ग्रामीण भेगमै उपलब्ध छन् । त्यस्तै पशु स्वास्थ्य सेवाहरू पनि ग्रामीण भेगमा नै उपलब्ध भएका कारण पहिलेको तुलनामा उपचार पाएका छन् । तर मानिस तथा पशुपक्षीले उपयोग गर्ने खानेकुरामा भने अत्यधिक विषादी र अखाद्यको मिसावट हुनाले स्वास्थ्य समस्या बढ्दै गएको छ । | सकेसम्म अर्गानिक खानेकुराको सेवन गर्ने, अखाद्य र मिसावट खानेकुराहरू प्रतिबन्ध गर्ने । चुस्त स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि समुदायमा नियमित बस्ने युवाहरूलाई स्वास्थ्य तथा भेटेरेनरीसम्बन्धी तालिम उपलब्ध गराउने । |
| ५ | वन तथा जैविक विविधता र पारिस्थितिक प्रणालिका विषयमा छलफल :<br>१. खेती बाँझो राख्नाले स्थानीय प्रजातिहरू लोप भएको वा सुरक्षित नभएको<br>२.जङ्गल क्षेत्र विस्तार भएकाले जङ्गली जनावार आतङ्कका कारण कृषियोग्य जमिन बाँझो राख्ने परिपाटी बढेको<br>३. कृषि बालीमा रोग तथा कीराहरूको सङ्क्रमण बढेको, पशु तथा पन्छीमा रोग देखिने विषादीको | खेतीयोग्य जमिनका साथै खोरिया खनेर खेती गर्ने प्रचलन थियो । बजारसँगको पहुँच र आधुनिक कृषि पद्धति नअपनाउँदा स्थानीय रैथाने बिउबिजनको प्रयोग गरिन्थ्यो । जसका कारण रैथाने बिउविजनको संरक्षण भएको थियो । खेती गर्ने दर बढी हुँदा जङ्गल क्षेत्र कम थियो । कृषि तथा अन्न बालीहरूमा रोग तथा कीराहरूको सङ्क्रमण भए पनि विषादीहरूको सट्टा प्राङ्गारिक मल तथा घरमा नै औषधि बनाएर प्रयोग गरिन्थ्यो । समुदायको माथिल्लो भूभागसम्म खेती गर्नाले बाँदर, बँदेललगायतका वन्यजन्तुले समुदायमा दुःख दिँदैनथे । | हाल खेती गर्ने दर कम हुँदै गएको छ । फलस्वरूप खेतीयोग्य जमिन बाँझो हुँदै गएको र जङ्गल क्षेत्रको विस्तार भएको छ । बाँदर, बँदेललगायतका जङ्गली जनावरले समुदायमा नै आक्रमण गर्न सुरु गरेका छन् । समुदाय नजिकैका खेतीयोग्य जमिन पनि बाँझो राख्न स्थानीय बाध्य छन् । आयातित बिउबिजनको प्रभाव बढ्दै गएको छ । पालिकाको माथिल्लो भूभागमा भने स्थानीय रैथाने बिउबिजन नै प्रयोग गरिरहेका छन् । अन्न बालीमा लाग्ने रोग र कीराहरूको दर वृद्धि हुँदै गएको छ र त्यसमा प्रयोग | खेतीयोग्य जमिनमा सामूहिक खेती गर्ने, स्थानीय तहले विकास साझेदार संस्थाहरूसँग समन्वय गर्ने । रैथाने प्रजातिका बिउबिजन संरक्षणका लागि कृषि पकेट क्षेत्र घोषणा गरी अनुदान व्यवस्था गर्ने । कृषि बालीमा लाग्ने रोग तथा कीराहरूको सङ्क्रमण कम गर्नका लागि घरमा नै प्राङ्गारिक मल तथा औषधिहरू बनाउने तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने । बाँझो जग्गामा र जङ्गली क्षेत्रमा काठजन्य वनस्पतिका |

| क्र.स. | समस्या | विगत ३० वर्षको अवस्था | हालको अवस्था वा महसुस गरिएको प्रभाव | समाधानका सम्भावित उपाय |
|---|---|---|---|---|
| | | खेतीको समयमा गोठमा नै गएर बस्नाले जङ्गली जनावरबाट खेतीपातीमा हुने जोखिम कम हुन्थ्यो । | हुने विषादीको दर पनि वृद्धि हुँदै गएको छ । | साथै फलफूलहरू लगाउनका लागि सामुदायिक वनहरूलाई अनुदान व्यवस्था गरी काम गर्ने । |
| ६ | १. बाल विवाह गर्ने प्रचलन<br>२. शिक्षाको अवस्था सुधारोन्मुख वा सामान्य | बाल विवाहको दर बढी थियो । शिक्षाको स्तर पनि कम नै थियो । विद्यालय नजाने बालबालिकाको सङ्ख्या धेरै थियो, जनचेतनाको स्तर कम थियो । | हाल बाल विवाहमा कमी छ । शिक्षाको अवस्थामा उल्लेखनीय परिवर्तन भएको छ । तर सांस्कारि करूपमा तामाङ जातिमा छिटै विवाह गर्ने चलन भने जीवितै छ । | जनचेतना र सचेतीकरण अभियान आमा समूह तथा युवा क्लबहरू परिचालन गरी सञ्चालन गर्ने । |
| ७ | विपद् व्यवस्थापनसँग सम्बन्धित क्षमता विकास तालिम पाएको छ वा छैन, विपद्को सामना गर्न स्रोत सामग्रीमा के/कस्तो पहुँच छ ? | २०७२ को भूकम्पअगाडिसम्म विपद् व्यवस्थापनका क्रियाकलापहरू सञ्चालनमा थिएनन् । विपद् सामना गर्नका लागि समुदायमा कुनै सामग्री भण्डारण गरिएका थिएनन् । तर परम्परागतरूपमा चट्याङबाट बच्नका लागि घर-घरमा सिउँडी लगाउने, कुलेसो काट्ने, पहिरो सम्भावित क्षेत्रमा वृक्षरोपण गर्ने चलन थियो | २०७२ को भूकम्पपश्चात विभिन्न सङ्घ/संस्थाले विपद् पूर्वतयारीका विषयमा समुदाय र विद्यालयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी उद्धारका सामग्री उपलब्ध गराएका छन् । तर उक्त सामग्रीहरूको उचित रेखदेख नभएको । सामूहिकरूपमा भेलबाढी कटाउने परम्परामा कमी हुँदै गएको । | विपद् व्यवस्थापनका विषयमा समुदायमा प्राविधिक तथा गैरप्राविधिक तालिमहरू सामूहिकरूपमा सञ्चालन गर्ने । समूह तथा समुदायलाई नै जिम्मेवार बनाएर सामग्रीहरू उपलब्ध गराउने । |
| ८ | स्थानीय सेवाप्रदायक निकाय तथा विपद् व्यवस्थापन समितिमा तपाईँको पहुँचको अवस्था कस्तो छ ? | पहिले यस्तो व्यवस्था थिएन । गाउँ/टोलले आपसमा मिलेर सहयोग गर्थे । | अहिले यसको व्यवस्था छ र आवश्यक परेको समयमा काम गरिरहेको छ । | बेलाबेलामा भेटघाट कार्यक्रम बनाउने र समितिबारे जानकारी गराउने । |

| क्र.स. | समस्या | विगत ३० वर्षको अवस्था | हालको अवस्था वा महसुस गरिएको प्रभाव | समाधानका सम्भावित उपाय |
|---|---|---|---|---|
| ९ | तपाईंको समुदाय तथा वडामा विपद्को समयमा सामूहिकरूपमा बस्ने कुनै सुरक्षित स्थानको पहिचान भएको छ वा छैन ? उक्त स्थानमा तपाईंहरूको घरबाट पुग्न सहज छ वा असहज ? | विपद् परिहालेमा सामूहिकरूपमा बसोबास गर्ने चलन थियो तर पहिले नै पहिचान गरी योजना बनाएर काम गर्ने चलन भने कम थियो। | अहिले पनि अवस्था पहिलेको जस्तो नै छ। कुनै कुनै सङ्घ/संस्था आएर काम गरे पनि स्थानीय तहहरूले उक्त कामलाई प्राथमिकतामा राखेका छैनन्। जसका कारण मनसुनको समयमा समुदायमा उत्तिकै त्रास व्याप्त छ। | समुदायसँगको छलफलका आधारमा र प्राविधिक परिचालन गरी समुदायबाट नजिकैको सुरक्षित स्थान पहिचान गर्ने। र, उक्त स्थानमा सामुदायिक भवन निर्माण गरी अति आवश्यक शौचालय, पिउने पानी र विद्युत्को आपूर्ति व्यवस्था गर्ने। |
| १०. | नेपाल सरकारबाट अपाङ्गता भएका व्यक्तिहरूका साथै अन्य समूहलाई उपलब्ध गराउने सेवा/सुविधामा के/कस्तो पहुँच छ ? सुधारोन्मुख वा सुविधा छैन ? | पहिले नेपाल सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता कर्मचारीले घर-घरमा गै वितरण गर्थे। तर अन्य सेवा/सुविधाका लागि तथा राहत लिन भने जिल्ला सदरमुकाम चौतारा जानुपर्थ्यो। | हाल सामाजिक सुरक्षा भत्ताको वितरण प्रक्रियालाई चुस्तदुरुस्त र पारदर्शी बनाउनका लागि ब्याङ्कमार्फत स्थानीय स्तरमा नै भुक्तानी प्रक्रिया सुरु गरिएको छ। ब्याङ्कसम्म जानका लागि शारीरिक अशक्तता भएका व्यक्तिलाई भने कठिनाइ भएको छ। | अति अशक्त व्यक्तिहरूलाई उपलब्ध गराइने सेवा/सुविधाहरू वितरण गर्दा घरदैलो अभियानमार्फत गर्दा राम्रो हुन्छ। वा त्यस्ता परिवारको संरक्षित व्यक्तिलाई ब्याङ्कमार्फत भुक्तानी गर्दा उपयुक्त हुन्छ। |

**स्रोत** : *समुदायको इतिहास नक्साङ्कन अभ्यास, २०७७*

## २.८ जोखिम विश्लेषण

### २.८.१ भूकम्पको जोखिम विश्लेषण

जुगल गाउँपालिकाभित्र रहेका भवनको स्वरूप हेर्दा घरको जगमा माटोको जोडाइमा ढुङ्गा प्रयोग गरी बनेका घर ९३.४५ प्रतिशत, सिमेन्टको जोडाइ र ढलान पिलरसहित भएको भवन ५.९९ प्रतिशत र सबैभन्दा कम काठको खम्बा गाडेर बनेका घर ०.५६ प्रतिशत छन्। २०७२ सालमा आएको भूकम्पले क्षति गरेपछि यस गाउँपालिकामा भूकम्प प्रतिरोधी घरहरू बन्न थालेका भए तापनि अझै भूकम्पको जोखिम कायमै छ।

### २.८.२ पहिरोको जोखिम विश्लेषण

पालिकाको माथिल्लो भेगमा चट्टानको माथि पातलो माटो छ। ढुङ्गा कुहिएर बनेको माटोले वर्षायाममा पानी धेरै बोक्ने हुँदा उक्त माटो चिप्लिएर पहिरो जाने सम्भावना धेरै छ। माथिल्लो भागबाट बगेर आएको

माटो थुप्रिएको मध्य भागमा माटोको सतह केही बाक्लो छ। तर जमिन प्रयोगको परिपाटी, वर्षाको पानी तथा भेलको उचित निकाश नहुँदा पहिरो जाने र माटो क्षयीकरण हुँदै गएको छ। जसको असरले प्राकृतिक स्रोतको क्षति र बस्तीलाई नै विस्थापन गर्न सक्ने प्रबल सम्भावना छ।

भौगोलिक हिसाबले कमजोर भूभाग र मध्यमखालको जलाधारीय अवस्थाले गर्दा यस गाउँपालिकामा पनि बर्सेनि भुक्षय, पहिरो, हुने गरेको छ। जुगल गाउँपालिकामा भूमिलाई भूबनोट, पारिस्थितिक प्रणाली, तथा भूस्खलन जस्ता तत्वका आधारमा वर्गीकरण गरी हेर्दा गाउँपालिकाको जमिनमा ४८ डिग्रीसम्मको भिरालोपन देखिन्छ। जसले पहिरोको जोखिम बढाउँछ।

वडाहरूबाट प्राप्त जानकारीअनुसार पालिकाका १३६२ घरधुरीका करिब ६८१० जनसङ्ख्या पहिरो तथा भेलबाढीको उच्च जोखिममा छन्। यसका अलावा १५०० रोपनी जमिन, ५ विद्यालय, १५ पिउने पानी संरचना, ९ सिँचाइ कुलो, ६५ विद्युत्का पोल तथा संरचना र ११ स्थानका मोटर बाटो पहिरोबाट सम्भावित क्षति हुने अवस्थामा छन्। अन्य विवरण वस्ती तहको सङ्कटासन्न स्तरीकरणमा उल्लेख छ।

### २.८.३ भेलबाढीको जोखिम विश्लेषण

यस गाउँपालिकाभित्रका नदी तथा खोला एकातिर जलस्रोतका आधारका रूपमा छन् भने अर्कोतिर बाढीको प्रकोपको जोखिम पनि उत्तिकै छ। पालिकाका प्रायः सबै वडामा साना खोला, खोल्सा र खहरे छन्। अति भिरालो जमिनका कारण वर्षायाममा तीव्र गतिमा भेल आउने जोखिम उच्च छ। भिरालो जमिनमा भेलको बहाव बढी हुने भएका कारण पानीसँगै माथिल्लो भेगका ढुङ्गा, माटो र वनका रुख पनि बगाएर ल्याउँदा मानव बस्ती र खेतीयोग्य जमिन विनाश गर्ने सम्भावना उच्च छ। त्यसका अलावा विस्तारित सडकहरूमा नालाको उचित व्यवस्थापन नहुँदा सडकको पानी कमजोर संरचनाबाट बग्दा मानव बस्ती, सिँचाइ पूर्वाधार र भौतिक संरचनाहरूमा क्षति पुगेको छ।

### २.८.४ अन्य प्रकोपको जोखिम

वन्यजन्तु विशेष गरेर बाँदर, बँदेल र दुम्सीले बालीनाली क्षति गर्ने हुनाले यस गाउँपालिकाको ठूलो समस्या तथा प्रकोपका रूपमा वन्यजन्तुको आतङ्क देखिएको छ। बालीनाली क्षतिले गर्दा समुदायका मानिसले बालीनाली नै लगाउन छाडेका, खाद्य सङ्कट हुने गरेको र मजदूरीको लागि अन्यत्र जान बाध्य हुनुपरेको अवस्था छ। यसका साथै आगलागी, विद्युतीय दुर्घटना, चट्याङ, सडक दुर्घटना, हावाहुरी, सुक्खा खडेरी, असिनाको जोखिम पनि यस गाउँपालिकाको केही वडामा कायमै देखिन्छ।

# खण्ड : तीन

# दीर्घकालीन सोच, परिदृश्य, लक्ष्य, नीति र रणनीति

## ३.१ दीर्घकालीन सोच

विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई संस्थागत गरी विपद् उत्थानशील समुदाय निर्माण गर्नु यस योजनाको दीर्घकालीन सोच हो ।

## ३.२ दूरदृष्टि

जुगल गाउँपालिकालाई एक विपद् उत्थानशील गाउँपालिकाका रूपमा विकास गर्ने ।

## ३.३ ध्येय

विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई विकासको प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

## ३.४ लक्ष्य

प्रत्येक वर्ष बहुप्रकोपबाट हुने मानवीय, भौतिक, प्राकृतिक र आर्थिक क्षतिलाई कम गर्दै लैजाने ।

## ३.५ उद्देश्य

विपद् जोखिम व्यवस्थापनका कार्यहरूलाई संस्थागत गरी विपद्का दृष्टिले सुरक्षित समुदाय निर्माण गर्नका लागि स्थानीय तहका आवधिक र वार्षिक कार्यक्रममा समेत मूलप्रवाहीकरण गरी दिगो विकास गर्नका लागि नेपाल सरकार स्थानीय विकास मन्त्रालयले निर्माण गरेको 'स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४' को मस्यौदाअनुसार निर्माण गरिएको छ । विपद्पूर्व, विपद्का समयमा र विपद्पश्चात मानिसमाथि पर्ने प्रतिकूल प्रभाव सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी

विपद् पूर्वतयारी, पूर्वसचेतना, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउने मूल उद्देश्य रहेको यस योजनाका पूरक उद्देश्य निम्न छन् :

- विपद्सम्बन्धी न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण, गाउँपालिकाभित्रको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता पहिचान गरी गाउँपालिकास्तरीय विपद् जोखिम तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्नु ।
- विपद्को अवस्थामा प्रभावकारी प्रतिकार्य गर्नका लागि आवश्यक संस्थागत संरचना, दक्ष जनशक्तिको विकास र भौतिक क्षमता अभिवृद्धि गर्दै विपद् उत्थानशील समुदाय निर्माणमा योगदान गर्नु ।
- उपलब्ध न्यूनतम साधन/स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधनस्रोत खोजी गरी सरकार र सरोकारवाला निकाय तथा सङ्घ/संस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु ।
- विपद्पश्चात गरिने पुनर्स्थापना तथा पुनर्निर्माणका कार्यहरू दिगो र पहिलेको भन्दा उन्नत अवधारणाअनुसार गर्ने ।

## ३.६ योजना कार्यान्वयन रणनीति

गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिबाट तयार गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गाउँपरिषद्बाट स्वीकृत गराउनेछ । यस योजनाको कार्यान्वयन सङ्घीय सरकार, प्रदेश सरकार, दातृ निकायहरू, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, वडा विपद् व्यवस्थापन समिति, समुदाय, निजी संस्थाहरू, जिल्लास्थित सरकारी कार्यालयहरू र सुरक्षा निकायको सहयोगमा गरिनेछ । योजनामा उल्लेख गरिएका उद्देश्य पूरा गर्नका लागि तपसिलबमोजिमका कार्यान्वयन रणनीति लिइनेछ :

- समुदाय, वडा र गाउँपालिकास्तरमा जोखिमको बुझाइ, पहिचान र जोखिम न्यूनीकरण गर्ने उपाय सम्बन्धमा समुदायस्तरमा छलफल सञ्चालन गरी जनचेतना र क्षमता अभिवृद्धि गर्ने ।
- योजना कार्यान्वयन प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागिता सुनिश्चित गर्ने । योजनामा पहुँच नभएका अति जोखिम परिवार तथा व्यक्ति पहिचान गरी घरदैलो अभियानमार्फत जानकारी तथा अभिमुखीकरण गर्ने ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा र भौगर्भिक अध्ययनका आधारमा पहिचान भएका अति जोखिम तथा संवेदनशील स्थानका बस्ती तथा समुदायलाई वस्तुस्थितिका बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी स्थायी वा अस्थायीरूपमा सुरक्षित स्थानमा स्थान्तरणका लागि प्रोत्साहन गर्ने ।
- भेलबाढी तथा पहिरोबाट हुने मानवीय र भौतिक क्षति रोक्नका लागि पहिरोको पूर्वसूचना प्रणाली स्थापना गर्ने ।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सिप, स्रोत र साधनको उपयोग गर्ने ।

- स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकूलनका कार्यक्रमलाई स्थानीय वार्षिक तथा आवधिक विकासका योजनाहरूमा मूलप्रवाहीकरण गर्दै लैजाने ।
- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई प्रभावकारी कार्यान्वयनका लागि स्थानीय, प्रदेश, सङ्घ, मानवीय तथा विकास साझेदार संस्था, निजी संस्था, समुदायसमेतको स्रोत परिचालन गर्ने ।
- जोखिम संवेदनशील भूउपयोग योजना र भूउपयोग योजना आधारपत्रले निर्देशित गरेका विषयवस्तुलाई यस योजनासँग समायोजन गरी कार्यान्वयन गर्ने ।
- सम्भावित विपद् प्रभावित क्षेत्रका समुदायमा उपयुक्त हुनेखालका जीविकोपार्जनका क्रियाकलापहरू सञ्चालन गर्ने ।
- विपद् प्रतिकार्य र पूर्वतयारीमा समुदायलाई नै परिचालन गर्नका लागि केन्द्रीय जल तथा मौसम पूर्वानुमान महाशाखासँग समन्वय गरी प्रभावमा आधारित मौसम पूर्वानुमान प्रणाली जडान गर्ने ।
- विद्यालयको पाठ्यपुस्तकमा विपद् व्यवस्थापन र पूर्वतयारीका विषयवस्तु समेट्ने र व्यावाहारिकरूपमा लागु गर्ने ।
- विपद्को सङ्कटासन्न र सम्मुखतामा रहेका परिवारको समूह निर्माण गरी सामूहिकरूपमा पाक्षिक वा मासिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र समुदायको पहलमा साना अल्पीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

# खण्ड : चार

## स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

**विपद्पूर्वका क्रियाकलापहरू** (रोकथाम, अल्पीकरण अनुकूलन र पूर्वतयारी) : विपद्पूर्वका क्रियाकलापअन्तर्गत जनचेतना अभिवृद्धि, भौतिक स्रोत र साधनको विकास, मानव संसाधनको विकास, नीतिगत संरचना तथा सस्थागत विकास र जीविकोपार्जनका गतिविधि समावेश गरिएको छ। विपद्पूर्वका क्रियाकलापमा कुन गतिविधि कहिले गर्ने, त्यसको मुख्य भूमिका र जिम्मेवारी कसको हुने र त्यसका लागि आवश्यक स्रोतको सहयोग कहाँबाट जुटाउने भन्ने गतिविधिहरू समावेश गरिएको छ। समुदायमा गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषण र भौगर्भिक अध्ययनका आधारमा हेर्ने हो भने ४ वटा जोखिम समुदायलाई अन्यत्र सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ। उक्त बस्तीमा धनजनको क्षति हुन नदिनका लागि सुरक्षित स्थानमा स्थानान्तरण गर्न तत्काल पहल गर्नुपर्ने देखिन्छ।

त्यस्तै गरी जोखिमका दोस्रो वर्गमा परेका बस्तीमा सम्भाव्य क्षति न्यूनीकरणका लागि तत्काल साना अल्पीकरणका क्रियाकलापहरू सञ्चालन गर्न स्थानीय सरकारले दायित्व लिनुपर्ने देखिन्छ। त्यस्तै विपद् परिहलेको अवस्थामा जोखिम वर्गमा रहेका घर/परिवारलाई उद्धार गरी राख्ने सुरक्षित स्थानको पहिचान, उक्त स्थानमा पिउने पानी तथा शौचालयको प्रबन्ध गर्नुपर्नेछ।

सम्भावित जोखिममा रहेका १३६२ परिवारलाई विपद्को समयमा आवश्यक पर्ने खाद्य तथा गैरखाद्य सामग्रीहरू स्थानीय सरकारले विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँगको समन्वयमा भण्डारण गरी राख्नुपर्नेछ। त्यस्तै विपद्को समयमा यातायात अवरुद्ध हुन नदिनका लागि विभिन्न स्थानमा स्काभेटर, डोजरलगायतका उपकरणहरू तय गरी राख्नुपर्नेछ। विपद्को समयमा सबै भन्दा पहिले विपद्मा परेको परिवारको उद्धार गर्ने जिम्मेवारी समुदायकै भएको हुँदा विपद्को समयमा खोज तथा उद्धारका लागि आवश्यक सिपसहितको जनशक्ति व्यवस्थापन वडागतरूपमा गर्नुपर्नेछ।

**विपद्का समयका क्रियाकलापहरू** (आपत्कालीन सहयोग, खोज, उद्धार, तत्कालीन राहत) : विपद्पश्चात प्रभावितहरूको तत्काल खोज तथा उद्धार, प्राथमिक उपचार आधारभूत आवश्यकता परि पूर्तिका लागि तुरुन्तै गरिने अन्य गतिविधि वा मानवीय जीवन रक्षाका लागि ध्यान दिइ आधारभूत आवश्यक भौतिक सामग्री, खाद्य सामग्री, औषधि उपचार, पिउने पानी, अस्थायी आवास, सुरक्षा आदि उपलब्ध गराइने गतिविधिहरू समावेश गरिएको छ।

**विपद्पश्चात** (पुनर्स्थापना र पुनर्निर्माण) : विपद्बाट प्रभावित समुदाय, परिवार र व्यक्तिलाई समयमै खतरामुक्त स्थानमा स्थानान्तर गरिसकेपछि भविष्यमा पर्न सक्ने सम्भावित प्रकोपसमेतबाट सुरक्षित हुने गरी पहिलाकै ठाउँ वा अन्य सुरक्षित स्थानमा अस्थायी घर, जीवन बाँच्नका लागि आवश्यक खाद्य, सुरक्षा, पानी, सरसफाइ र स्वास्थ्य सेवाको पूर्वाधार तयार गरी पुनर्स्थापना र पुनर्निर्माण कार्य गर्ने तथा भविष्यमा त्यस्ता विपद् नपरोस् भन्नका लागि गरिने गतिविधिहरू विपद्पश्चात समावेश गरिएको छ।

## ४.१ बहुप्रकोपको जोखिम न्यूनीकरण सन्दर्भमा जुगल गाउँपालिकाको नीति निर्माण, जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि र जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलापहरू :

पालिकाले आफ्नो क्षेत्रमा विपद्को अवस्था सिर्जना हुन नदिन सहभागितामूलक विपद् व्यवस्थापन ऐन, नीति/नियम तथा योजना तर्जुमा गरी प्रभावकरी कार्यान्वयन गर्नुपर्नेछ। पालिकाको समग्र भौगोलिक अवस्थाको अध्ययन गर्नका लागि भूगर्भविद्, माटो विज्ञ, वातावरण विज्ञ परिचालन गरी जोखिम संवेदनशील भूउपोग योजना तर्जुमालाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्नेछ। सो कामका लागि स्थानीय स्तरमा भूउपयोग ऐन २०७६ बमोजिम स्थानीय भूउपयोग परिषद् र कार्यान्वयन समिति गठन गर्नुपर्ने हुन्छ। त्यसका अलावा गाउँपालिकामा पहिचान भएका प्रकोपहरूबाट विपद् निम्तिन नदिनका लागि पालिकाभित्र रहेका सङ्घ/संस्था, पालिकाका विभिन्न विषयगत निकाय, तालिम प्राप्त जनशक्ति र भौतिक संरचनाहरूको पहिचान गरी त्यसको प्रभावकारी परिचालन गर्नुपर्ने हुन्छ। मौसमअनुसार स्थानीय समुदायलाई सचेत गराउनका लागि स्थानीय भाषामा स्थानीय सञ्चार माध्यमबाट सचेतीकरण अभियानहरू सञ्चालन गर्नुपर्नेछ। समुदायमा सङ्कटासन्नता तथा क्षमता विश्लेषणका क्रममा समुदायले सुझाएका र भौगर्भिक अध्ययनका क्रममा प्राविधिकले सुझाएका विषयवस्तुलाई यस खण्डमा तपसिलबमोजिम प्रस्तुत गरिएको छ :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनीकरणका क्रियाकलापहरू | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| भूकम्प | जुगल गाउँ-पालिकामा भूकम्प प्रतिरोधी घरहरू निर्माण भए तापनि सबै घर भूकम्प प्रतिरोधी नभएको | • भूकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने<br>• निर्माणाधीन पुनर्निर्माणका कार्यहरूको प्रभावकारी अनुगमन गर्ने<br>• नयाँ भवनहरू भूकम्प प्रतिरोधी नबनेको अवस्थामा पुनः प्रबलीकरण गर्न गाउँपालिकाले सहयोग गर्ने<br>• भवन निर्माण आचारसंहिता वा भवन निर्माणको नक्सा पास गराएरमात्र भवन वनाउन अनुमति दिने<br>• भूकम्पीय जोखिमसम्बन्धी, माटो परीक्षणसम्वन्धी भूगर्भविद् र माटो विशेषज्ञबाट अध्ययन गरी भूकम्पीय जोखिम पहिचान गर्ने,<br>• प्रत्येक वडाले समुदायको सहभागितामा भूउपयोग सोचपत्र तयार गरी कार्यान्वयन गर्ने। | वडाका प्राविधिक कर्मचारी, वडा कार्यालय, युवा क्लब | पुनर्निर्माण प्राधिकरण र विकास साझेदार संस्थाहरू, | निरन्तर |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनीकरणका क्रियाकलापहरू | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| वन्यजन्तु आक्रमण र बालीनालीको क्षति | वन्यजन्तु आक्रमण र बाली-नालीको क्षति गर्ने जोखिम कायम रहेको (बाँदर, बँदेल, दुम्सी) | • वन्यजन्तु नियन्त्रणसम्बन्धी नीति तर्जुमा गरी र कार्यान्वयन गर्ने<br>• वन्यजन्तु नियन्त्रणका लागि गाउँपालिकाले बजेट विनियोजन गर्ने<br>• वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि साइरन राख्ने व्यवस्था मिलाउने<br>• वन्यजन्तुबाट जोगिन सामूहिक हेरालु राख्ने, धपाउने व्यवस्था गर्ने र नियन्त्रण गर्न सक्ने जनशक्ति तयार पार्ने<br>• जङ्गलमा बाँदरले मन पराउनेखालका फलफूल रोप्ने<br>• आवश्यकताअनुसार सिकारी कुकुरहरूबाट बाँदर धपाउने व्यवस्था गर्ने<br>• आवश्यकताअनुसार पटाका पड्काएर धपाउने, गुलेलीले धपाउने र शङ्ख फुक्ने जस्ता कार्य गर्ने<br>• अन्न बालीको छेउछाउ मलासिस जातको घाँसपात लगाउने<br>• अहिले प्रचलनमा रहेको बारुदवाला बन्दूक समुदायलाई उपलब्ध गराउने वा बनाउन सिकाउने । | जुगल गाउँ कार्यपालिका, प्रभावित समुदायका घर/ परिवार, पालिकाको कृषि र पशु सेवा शाखा, कृषक समूह | वन कार्यालय, विपद्को क्षेत्रमा काम गर्ने सङ्घ/ संस्थाहरू | निरन्तर |
| भेलबाढी | बस्ती, सामाजिक पूर्वाधार र खेतीयोग्य जमिनको विनाश | • बाढी प्रभावित जोखिम क्षेत्रमा बस्ती तथा संरचनाहरू ब्नाउन नदिन नीतिगत व्यवस्था गर्ने<br>• क्रसर उद्योग व्यवस्थित गर्ने नीति बनाउने<br>• जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा गरी योजनाले निर्दिष्ट गरेको क्षेत्रमा साना अल्पीकरणका कार्यक्रम सञ्चालन गर्ने, जोखिम बस्तीहरूलाई एकीकृतरूपमा सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाउने<br>• भेलबाढीको उच्च जोखिम क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा तार जाली, मेसिनरी वाल, बाँस, अम्रिसो, बकाइनो जस्ता रुख लगाउने<br>• वर्षाको समयमा सम्भावित जोखिम क्षेत्रका बस्तीलाई अपनाउनुपर्ने सावधानीका विषयमा स्थानीय सञ्चारका साधनबाट सूचना प्रशारण गर्ने । | जुगल गाउँपालिका, कृषि सेवा शाखा, वडा कार्यालय, विपद् व्यवस्थापन समिति, सूचना तथा प्राविधिक शाखा | स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/ संस्थाहरू | १ वर्ष |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनीकरणका क्रियाकलापहरू | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| पहिरो | पहिरोबाट धनजनको क्षति हुने जोखिम | • पहिरोबाट जोखिम रहेका स्थानहरू पहिचान गर्न पहिरो विशेषज्ञ ल्याइ अध्ययन गर्ने र पहिचान भएका स्थानका समुदायलई अभिमुखीकरण गर्ने ।<br>• उच्च जोखिम स्थानका बस्तीहरू स्थानान्तरण गर्ने नीति कार्यान्वयन गर्न निर्देशिका तयार गर्ने<br>• उच्च जोखिम स्थानमा नयाँ संरचनाहरू बनाउन रोक लगाउने नीति निर्माण गर्ने<br>• भिरालो जमिनमा वृक्षरोपण गर्ने र भूउपयोग नीति तयार गरी कार्यान्वयन गर्ने,<br>• जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>• वर्षाको समयमा सम्भावित जोखिम क्षेत्रका बस्तीहरूमा अपनाउनुपर्ने सावधानीका विषयमा स्थानीय सञ्चारका साधनबाट सूचना प्रशारण गर्ने ।<br>• NDRRMA ले तर्जुमा गरेका नीति तथा योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>• प्रभावमा आधारित मौसम पूर्वानुमानका लागि जल तथा मौसम विज्ञान महाशाखासँग समन्वय गर्ने र उक्त कामका लागि दक्ष जनशक्तिको व्यवस्था गर्ने । | भूउपयोग योजना कार्यान्वयन समिति, वडा तथा पालिका विपद् व्यवस्थापन समिति, कृषि तथा पशु सेवा शाखा, पालिकाका प्राविधिक कर्मचारी | जल उत्पन्न प्रकोपडिभिजन कार्यालय, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/ संस्थाहरू | ३ वर्ष |
| करेन्ट, विद्युतीय दुर्घटना | अव्यवस्थित विजुलीका पोलहरू, हुकिङ र नाङ्गा तारले मानिसको मृत्यु तथा घाइते हुने | • घना बस्ती भएको समुदायमा भएका नाङ्गा तारहरूमा इन्सुलेटर राख्ने कार्य गर्न विद्युत् प्राधिकरणसँग समन्वय गर्ने<br>• प्रत्येक घरले विद्युत्को मिटर राख्नुपर्ने नीतिगत व्यवस्था गर्ने र अपाङ्ग तथा ज्येष्ठ नागरिकको परिवारलाई निःशुल्क मिटर वितरण गर्ने ।<br>• फ्यूज स्टेसनसँग समन्वय गरी गट्टा फेर्ने<br>• ढल्न लागेका पोलहरूको ठाउँमा नया पोल राख्ने र पोललाई व्यवस्थित तरिकाले सपोर्ट दिने ।<br>• ढल्न लागेका रुखहरू जसले विद्युतीय तारमा क्षति गर्न सक्छ त्यस्ता रुख हटाउने | पूर्वाधार विकास शाखा, पालिकाका प्राविधिक कर्मचारी, योजना अनुगमन तथा मूल्याङ्कन समिति, तालिम प्राप्त स्थानीय जनशत्ति, स्थानीय समुदायका अगुवा तथा सदस्यहरू | नेपाल विद्युत् प्राधिकरण | २ वर्ष |
| हावाहुरी | कमजोर तरिकाले निर्माण गरिएका घरका छानाहरू र मकै वाली हावाहुरीले क्षति गर्ने | • घरको छानोहरू बन्दिलो गरी कस्ने वा बाँध्ने विषयमा तालिम सञ्चालन गर्ने ।<br>• हावाहुरीको समयमा सुरक्षित रहनेबारे सचेतना अभिवृद्धि गर्ने<br>• विद्युतीय संरचना र जोखिमयुक्त रुखहरूको छेउछाउका बस्तीमा सतर्कता अपनाउन सचेतना अभियान सञ्चालन गर्ने ।<br>• जोखिमयुक्त र ढल्न लागेका रुखहरू, हाँगाबिँगाहरू छिमोल्ने । | तालिम प्राप्त स्थानीय जनशक्ति, स्थानीय आमा समूह, युवा क्लब र जोखिम समुदायका सदस्य | भवन निर्माण विभाग तथा विभिन्न सङ्घ/ संस्थाहरू | १ वर्ष |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनीकरणका क्रियाकलापहरू | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| चट्याङ | चट्याङबाट मानवीय वा पशुधनको क्षति हुने जोखिम | • चट्याङ संवेदनशील क्षेत्रहरूको पहिचान गर्ने,<br>• प्रत्येक घरमा विद्युत् जडान गर्दा अर्थिङ गर्नुपर्ने नीतिगत व्यवस्था गर्ने,<br>• अर्थिङ गर्न सक्ने जनशक्ति स्थानीयस्तर र समुदाय तहमा तयार गर्ने ।<br>• चट्याङबाट जोगिने उपायहरूबारे जनचेतना अभिवृद्धि गर्ने, गोष्ठीहरू गर्ने<br>• चट्याङबाट गाउँपालिकालाई सुरक्षित गर्न चट्याङ प्रतिरोधी यन्त्रहरू जडान गर्ने<br>• सुरक्षित वाइरिङ गर्ने | जुगल गाउँपालिका, आमा समूह, सञ्चारका साधनहरू,विद्यालय, तालिम प्राप्त जनशक्ति | नास्ट, विद्युत् प्राधिकरण, विभिन्न सङ्घ/ संस्था | २ वर्ष |
| खडेरी र असिना | अन्न बाली क्षति हुन सक्ने | • खडेरीको समयमा कीराले मकै बाली नष्ट गर्ने हुँदा नास्टसँग समन्वय गरी प्राविधिक परिचालन गरी कीरा नियन्त्रण गर्ने ।<br>• अनुकूलनका उपायहरू करेसाबारी, थोपा सिँचाइ, टनेल खेती, आकाशे पानी सङ्कलन, प्लास्टिक तथा प्राकृतिक पोखरी निर्माणसम्बन्धी प्रचारप्रसार र प्रबर्द्धन गर्ने नीति बनाइ कार्यान्वयन गर्ने<br>• खडेरी सहन सक्ने बिउको प्रजाति प्रयोग तथा प्रचारप्रसार गर्ने<br>• पानीका मुहानहरू संरक्षण गर्ने<br>• बाली बिमा गर्न सङ्घ/संस्थालाई अनुरोध गरी गाउँपालिकामा परिचालन गर्ने | कृषि र पशु सेवा शाखा, विपद् व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति,विद्यालय, स्थानीय सहकारी, स्थानीय समुदाय | इलाका वन कार्यालय चौतारा, विभिन्न विकास साझेदार सङ्घ/ संस्था, बिमा कम्पनी | २ वर्ष |
| आगलागी | धेरैजसो सामुदायिक वनमा आगलागी हुने र बस्ती जोखिममा पर्न सक्ने साथै घर/टोलमा पनी आगलागी हुने | • जङ्गलमा अग्निरेखा निर्माण गर्ने र वरिपरि केरा खेती गर्ने<br>• आगलागीसम्बन्धी जनचतेना अभिवृद्धि गर्ने<br>• बालबालिकाले भेट्ने गरी आगोजन्य वस्तुहरू नराख्ने<br>• उपभोक्ता समितिमा आगलागीसम्बन्धी छलफल गर्ने र वनमा आगलागी हुन नदिने<br>• नयाँ घाँस पलाउन वनमा आगो लगाउने कार्यलाई नियन्त्रण गर्ने ।<br>• वैधानिक तरिकाले बिजुलीको प्रयोग गर्ने नीति बनाइ प्रयोगमा ल्याउने र विद्युतीय सामग्रीहरूको प्रयोग व्यवस्थित तरिकाले गर्ने । | सामुदायिक वन उपभोक्ता समिति,विद्यालय, समुदाय, आमा समूह, कृषि तथा पशु सेवा शाखा | इलाका वन कार्यालय, वन उपभोक्ता समिति,स्थानीय साझेदार निकायहरू, कृषि ज्ञान केन्द्र धुलिखेल | निरन्तर |

यसको कार्यान्वयनको जिम्मेबारी जुगल गाउँपालिकाको हुने र बजेट प्राविधिक मूल्याङ्क अनुसार व्यवस्था गरिने छ।

## ४.२ पहिरो र भेलबाढी जोखिम न्यूनीकरण सन्दर्भमा

पालिकामा भूकम्पपछि धेरै धनजनको क्षति गर्ने प्रकोपमा पहिरो र भेलबाढी पर्छ। समुदायसँगको छलफलका आधारमा सम्भावित पहिरो र भेलबाढीको जोखिम भएको क्षेत्र पहिचान गरी उक्त क्षेत्रको जोखिम न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने समाधानका उपयाहरूका विषयमा वडागतरूपमा यसप्रकार उल्लेख गरिएको छ :

## वडा नं. १

| विपद्को संभावित अवस्था | विपद् व्यवस्थापनका क्रियाकलापहरू | मुख्य जिम्मेवारी | समय अवधि |
|---|---|---|---|
| पहिरोले आल गाउँलाई क्षति पुग्ने | पहिरो नियन्त्रण गर्न खोल्चीमा ३०० घनमिटर जाली लगाउने, वर्षायामको पानी बग्ने बाटो बनाउनुपर्ने । | गाउँपालिका, वडा कार्यालय र स्थानीय समुदाय | १ वर्षभित्र |
| पहिरोले देउराली गाउँलाई क्षति पुग्ने | पहिरो नियन्त्रण गर्न जाली लगाउनुपर्ने, माथिबाट वर्षायाममा बग्ने भेलको उचित निकास गर्नुपर्ने, सडकबाट आउने भलको व्यवस्थापन गर्ने । | गाउँपालिका | १ वर्षभित्र |
| पहिरोले कुने गाउँलाई क्षति पुग्ने | पहिरो नियन्त्रण गर्न १५० घनमिटर जाली लगाउनुपर्ने, सडक संरचनामा उचित नालाको व्यवस्थापन गर्ने । | गाउँपालिका, वडा कार्यालय, सडक निर्माण कम्पनी | १ वर्षभित्र |
| पहिरोले सेलाङ डाँडा टोललाई क्षति पुग्ने | पहिरो नियन्त्रण गर्न १०० घनमिटर जाली लगाउनुपर्ने, पहिरो समन गर्न सक्ने अम्रिसो, निगालोलगायत साना डाले घाँसहरू लगाउने । वर्षाको पानीको उचित निकाश गर्ने । | गाउँपालिका, पशु सेवा शाखा, स्थानीय समुदाय | १ वर्षभित्र |
| पहिरोले सेलाङ दारे टोललाई क्षति पुग्ने | पहिरो नियन्त्रण गर्न १५० घनमिटर जाली लगाउनुपर्ने, बग्न लागेको माटोलाई पन्छाउनुपर्ने, माथिल्लो भेग र तल्लो भेगमा साना डाले घाँस लगाउने । | गाउँपालिका, वडा कार्यालय, पशु सेवा शाखा र स्थानीय समुदाय | १ वर्षभित्र |
| पहिरोले काल्चे कर्णेल टोललाई क्षति पुग्ने | ४ घर/परिवार स्थानान्तरण गर्नुपर्ने, २०० घनमिटर जाली लगाउनुपर्ने, वर्षायाममा बगेर आउने पानीको व्यवस्थापन गर्नुपर्ने, साना जातका बोटबिरुवा लगाउने । | गाउँपालिका, वडा कार्यालय, स्थानीय समुदाय | १ वर्षभित्र |
| कुवापानीको १ घरलाई पहिरो र ढुङ्गा खस्ने समस्या | १ परिवारलाई अन्यत्र स्थानान्तरण गर्नुपर्ने | गाउँपालिका | १ वर्षभित्र |
| पहिरोले कुने गाउँ स्कुललाई क्षति पुग्ने | स्कुल वरिपरि जाली र मेसिनरी वाल लगाउनुपर्ने । माथिबाट आउने भल व्यवस्थापनका लागि नाला बनाउने । | विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय र अभिभावक समिति | १ वर्षभित्र |
| पहिरोले चेपे गाउँलाई क्षति पुग्ने | पहिरो नियन्त्रण गर्न १२० घनमिटर जाली लगाउनुपर्ने । पानीको मुहानको संरक्षण गर्ने, पहिरो समन गर्न सक्ने बोटबिरुवा लगाउने, पहिरोको वरिपरि भएका ठूला रुखहरूको हाँगा काट्नुपर्ने । | गाउँपालिका, वडा कार्यालय, स्थानीय समुदाय | १ वर्षभित्र |
| पहिरोले खस्रेको गाउँलाई क्षति पुग्ने | पहिरो नियन्त्रणका लागि ५० घनमिटर जाली तथा मेसिनरी वाल लगाउनुपर्ने । पानीको मुहानको संरक्षण गर्ने र पहिरोको सामुन्नेबाट पानी नबग्ने व्यवस्था गर्ने । | गाउँपालिका, वडा कार्यालय र स्थानीय समुदाय | १ वर्षभित्र |

| विपद्‌को संभावित अवस्था | विपद् व्यवस्थापनका क्रियाकलापहरू | मुख्य जिम्मेवारी | समय अवधि |
|---|---|---|---|
| पहिरो र बस्तीमाथि र तल जमिन चिरा परेकोले सेप गाउँलाई क्षति पुग्ने | सेप गाउँको ३५ परिवारलाई स्थानान्तरण गर्नुपर्ने | गाउँपालिका | १ वर्षभित्र |
| पहिरोले उल्चेको १० घरलाई क्षति पुग्ने | पहिरो नियन्त्रणका लागि जाली तथा मेसिनरी वाल लगाउने, वर्षाको पानीको उचित निकाश गर्ने, पानी बग्ने ठाउँको ठूला ठूला ढुङ्गालाई दायाँबायाँ लगाउने । | गाउँपालिका, वडा कार्यालय र स्थानीय समुदाय | १ वर्षभित्र |
| पहिरोले छिकुको ३ घरलाई क्षति पुग्ने | पहिरो जोखिममा जाली तथा मेसिनरी वाल लगाउने, बस्ती वरिपरि भएका ठूला रुखका हाँगा छिमोल्ने, वर्षाको पानीको उचित निकास गर्नका लागि नालाको व्यवस्थापन गर्ने । | गाउँपालिका, वडा कार्यालय र स्थानीय समुदाय | १ वर्षभित्र |
| पहिरोले पाइन टोलको १० घरलाई क्षति पुग्ने | पहिरो जोखिममा जाली तथा मेसिनरी वाल लगाउने, बस्ती वरिपरि भएका ठूला रुखका हाँगा छिमोल्ने, वर्षाको पानीको उचित निकास गर्नका लागि नालाको व्यवस्थापन गर्ने । | गाउँपालिका, वडा कार्यालय र स्थानीय समुदाय | १ वर्षभित्र |
| पहिरोले च्याखुर टोल, बामवारी कुनाको १० घरलाई क्षति पुग्ने | पहिरो जोखिममा जाली तथा मेसिनरी वाल लगाउने, बस्ती वरिपरि भएका ठूला रुखका हाँगा छिमोल्ने, वर्षाको पानीको उचित निकास गर्नका लागि नालाको व्यवस्थापन गर्ने । | गाउँपालिका, वडा कार्यालय, स्थानीय समुदाय | १ वर्षभित्र |

## वडा नं. २

| विपद्‌को संभावित अवस्था | विपद् व्यवस्थापनका क्रियाकलापहरू | मुख्य जिम्मेवारी | समय अवधि |
|---|---|---|---|
| पहिरोले किप्चे गाउँ ओजन नेपालीको घरवरपर क्षति हुने | पहिरो नियन्त्रणको लागि ओजन नेपालीको घरवरपर १०० घनमिटरको जाली लगाउनुपर्ने । | गाउँपालिका र सडक निर्माण कम्पनी | १ वर्षभित्र |
| पहिरोले किप्चे गाउँको खेतीयोग्य जमिन जोखिममा रहेको | पहिरो नियन्त्रणका लागि २०० घनमिटरको जाली लगाउनुपर्ने । अनियन्त्रित सडक विस्तार र कटान रोक्नुपर्ने । बायोइन्जिनियरिङ विधिबाट पहिरो रोकथाम गर्ने । | गाउँपालिका, वडा कार्यालय र स्थानीय समुदाय | १ वर्षभित्र |
| पहिरोले किप्चेको आधारभूत विद्यालयमा क्षति पुगेको | तार, जाली र मेसिनरी वाल लगाउनुपर्ने । | विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय | तत्काल |
| नदी कटानले कुम्भेश्वरका ५ परिवार उच्च जोखिममा | पहिरो नियन्त्रणका लागि मेसिनरी वाल लगाउनुपर्ने र नदीको छेउमा बाँस, निगालो, अम्रिसोलगायतका बिरुवा लगाउने । | गाउँपालिका, वडा कार्यालय र हाइड्रोपावर | १ वर्षभित्र |

| विपद्को संभावित अवस्था | विपद् व्यवस्थापनका क्रियाकलापहरू | मुख्य जिम्मेवारी | समय अवधि |
|---|---|---|---|
| पहिरोले निम्लुङ बैगाङ टोल जोखिममा | पहिरो नियन्त्रणका लागि ३०० घनमिटरको जाली लगाउनुपर्ने । वर्षाको पानीको उचित निकास गर्ने । पहिरोको तल्लो क्षेत्रदेखि नै पहिरो समन गर्न सक्ने साना साना बोटबिरुवा लगाउँदै जाने | गाउँपालिका, स्थानीय समुदाय | १ वर्षभित्र |
| बस्तीमुनिको ढुङ्गा ब्लास्टिङ गर्दा सञ्च गाउँ समुदाय जोखिममा । बवर्षाको समयमा भेलबाढीले बस्तीलाई त्रसित बनाउने | छरिएका ढुङ्गाको व्यवस्थापन गर्नुपर्ने र केही स्थानमा मेसिनरी र सुक्खा वाल लगाउने । वर्षाको समयमा समुदायलाई सुरक्षित अस्थायी आवासको व्यवस्था गर्ने । बस्तीमाथि भएका पानीका मुहानहरू र वर्षाको पानी नाला बनाइ व्यवस्थापन गर्ने । | गाउँपालिका, वडा कार्यालय र स्थानीय समुदाय | १ वर्षभित्र |
